# कक्षा ६ को बार्षिक परीक्षा (२०७९) मा नेपाली विषयमा सोधिएको प्रश्नपत्रको विश्लेषण

**शोधार्थी**

**अम्बिका धमला**

**क्याम्पस क्रमाङ्क र शैक्षिक बर्ष : ६३ (२०७४-०७५)**

**त्रि.वि. दर्ता नं. ९-३-०२१८-०७६२-२०१६**

**दोस्रो बर्षको परीक्षा  क्रमाङ्क : २१८०००५(२०७९)**

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह (एमएड) द्वितीय बर्षको नेपा.शि.५९८ को प्रयोजनार्थ प्रस्तुत शोधपत्र**

त्रिभुवन विश्वविद्यालय

**जनता बहुमुखी क्याम्पस**

शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

इटहरी, सुनसरी

२०८०/२०२३

# प्रतिवद्धता-पत्र

प्रस्तुत शोधकार्यमा कसैका सामग्री अनाधिकृत रूपमा प्रयोग गरिएको छैन । प्रस्तुत शोधपत्र अन्य कुनै पनि उपाधि वा प्रयोजनको लागि प्रस्तुत गरिएको छैन । यस्तो गरिएको पाएमा नियम अनुसार गरिने जुनसुकै किसिमको प्रक्रिया मेरा लागि मान्य हुने प्रतिबद्धता  जाहेर गर्दछु ।

मिति : २०८०

शोधार्थी

अम्बिका धमला

# कृतज्ञता ज्ञापन

कक्षा छ को बार्षिक परीक्षा (२०७९) मा नेपाली विषयमा सोधिएका प्रश्नपत्रको विश्लेषण शिर्षकको प्रस्तुत शोधपत्रमा प्रतिनिधि विद्यालयले कक्षा ६ को बार्षिक परीक्षामा प्रयोग गरिएका प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ । यस शोधपत्रमा प्रश्नहरूको अङ्कभार विश्लेषण प्रश्नहरूको अध्ययन र बाह्य आधार र विशिष्टीकरणको आधारमा प्रश्नपत्रको विश्लष्षण जस्ता  आधारबाट भएका विद्यमान कमिकमजोरी औंल्याइ सुधारका निम्ति सुझाव समेत प्रस्तुत गर्ने जमर्को गरिएको  छ ।

यस अध्ययनलाई यस रूपमा पुऱ्याउन आफ्नो अमुल्य समयलाई लगाइ आवश्यक निर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरू नवीन कुमार शर्माप्रति अत्यन्त आभारी छु । विषयवस्तुको चयन गरी शोधपत्र तयार गर्न आज्ञा दिनुहुने नेपाली शिक्षा विभागीय प्रमुख आदरणीय गुरू मदनराज बरालप्रति आभारी छु । साथै शोधपत्र लेखनमा प्रेरणा र हौसला प्रदान गर्नुहुने आदरणीय गुरू प्रा.डा.टङ्कप्रसाद न्यौपाने, तीर्थराज भट्टराई, शान्तिराम दाहालप्रति हृदयतः आभार प्रकट गर्दछु ।

यसै शोधपत्रको स्रोत सामग्री कक्षा ६ को नेपाली विषयको किताब पाठ्यक्रम विशिष्टीकरण तालिका उपलब्ध गराइदिनु हुने श्री शिव माध्यमिक विद्यालयका शिक्षक श्री उमेश कुमार शाह, मित्रहरू मिना कुमारी चौधरी, सनम राई, भावना काफ्ले प्रति आभारी छु । यसै गरी यो शोधपत्रको कम्प्युटर टङ्कणका लागि सहयोग पुयाउनु हुने ए वान फोटोकपी सेन्टरका श्री जयप्रसाद पौडेलज्यूलाई पनि धन्यवाद नदिइरहन सक्दिन ।

# शोधसार


त्रिभुवन विश्व विद्यालय अन्तर्गत जनता बहुमुखी क्याम्पस, इटहरी शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत कोड नं. ५९८ को प्रयोगात्मक पाठ्यभार पूरा गर्न स्नातकोत्तर तहको उपाधिका लागि यो शोधकार्य सम्पन्न गरिएको छ ।

यो शोधकार्य २०७९ सालमा कक्षा ६ का बार्षिक परीक्षामा प्रयोग गरिएको प्रश्नपत्रको अध्ययन गरिएको छ । यस शोधपत्रमा अङ्कभार सन्तुलन भए नभएको पश्नपत्रको आन्तरिक र बाह्य आधारमा अध्ययन र विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र भए नभएको कुरालाई मुख्य आधार मानेका छन् ।

प्रश्नपत्रको अङ्कभारको आधारमा गर्दा ५० पूर्णाङ्कको प्रश्न २ घण्टाको समय साथै प्रत्येक प्रश्नमा छुट्टाछुट्टै अङ्क राखिएको छ । लामो छोटो गरेर जम्मा १७ ओटा प्रश्न राखिए प्रश्नको उत्तर आउने हिसाबले अङ्क निर्धारण गरिएको छ । प्रश्नपत्रको आन्तरिक र बाह्य आधार हेर्दा शीर्षभागमा मिति नतोक्नु उत्तिर्णाङ्क नतोक्नु कागज मध्यम खालको हुनु, पृष्ठ सङ्ख्या उल्लेख नगर्नु, कागजको रङ मधुरो हुनु, आन्तरिक पक्षमा सम्पूर्ण पाठ्यवस्तु नसमेटिनु, वर्णविन्यास कमजोर हुनु, पढाइ र लेखाइलाई सिप मात्र आधार मानि सुनाइ र बोलाइ सिप परीक्षणको लागि प्रश्न निर्माण नगर्नु जस्ता कमजोरीहरू पाइयो ।

विशिष्टीकरण तालिकाको आधारमा हेर्दा प्रश्नको समय निर्धारण र विशिष्टिकरण तालिका समय रहेको समय निर्धारण हेर्दा एकरूपता नै पाइन्छ । प्रयोगात्मक परीक्षणका लागि विशिष्टिकरण तालिका भए पनि प्रश्नपत्र निर्माण नभएको परीक्षण कार्यान्वयन पनि नभएको पाइयो । समष्टिमा प्रतिनिधि प्रश्नपत्रको अङ्कभार, प्रश्नपत्रको आन्तरिक र बाह्य आधार र विशिष्टिकरण तालिकामा प्रशस्त कमिकमजोरी पाएका छन् । तिनको निराकरण गरी प्रश्न निर्माण गर्नु आवश्यक देखिएको छ ।

# विषय सूची

## अध्यक्षय एक

**शीर्षक** **पेज नं.**

## शोधको परिचय


| | |
|---|---|
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्या कथन | ३ |
| अध्ययनको उद्देश्य | ४ |
| अध्ययनको औचित्य र महत्व | ४ |
| अध्ययनको परिसीमा | ५ |
| परिभाषिक शब्द | ५ |
| शोधपत्रको रूपरेखा | ६ |


### अध्याय दुई

### पूर्व कार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना


| | |
|---|---|
| पूर्वकार्यको समीक्षा | ७ |
| पूर्व कार्यको उपयोगिता | ११ |
| सैद्धान्तिक /धारणात्मक संरचना | १२ |
| विषयगत प्रश्न | १४ |
| निबन्धात्मक प्रश्न | १४ |
| संक्षिप्त उत्तरात्मक प्रश्न | १५ |
| वस्तुगत प्रश्न | १५ |
| खाली ठाउँ भर्ने प्रश्न | १५ |
| ठीक बेठीक प्रश्न | १५ |
| जोडा मिलाउने प्रश्न | १६ |
| बहुवैकल्पिक प्रश्न | १६ |


### अध्याय तीन

### अध्ययनको प्रक्रिया/विधि


| | |
|---|---|
| अध्ययनको संरचना | १७ |

जनसंखया र नमूना १७

तथ्याङ्क सङ्कलनमा साधन १७

**अध्ययन चार**

**नतिजा परिणाम र छलफल**

नतिजा/परिणाम/व्यवस्था, विश्लेषण १९

अङ्क विभाजन र समय निर्धारण १९

अङ्कभार अनुसार प्रश्नपत्रको विश्लेषण २०

व्याकरण विधा र अङ्कभार २३

सङ्क्षिप्त उत्तरात्मक प्रश्न र अ अङ्कभार २४

पठनबोध र अङ्कभार २५

लामो उत्तर र अङ्कभार २५

आन्तरिक र बाह्य विशेषताकाआधारमा प्रश्नपत्रको विश्लेषण २६

बाह्य विशेषताका आधारमा प्रश्नपत्रको विश्लेषण २७

प्रश्नपत्रको स्वरूप २७

शीर्ष भाग २७

उपशीर्ष भाग २८

आकार २८

प्रश्न सङ्ख्या २८

प्रश्न पृष्ठ २९

कागज २९

प्रश्नपत्रको निर्देशन २९

शीर्षक निर्देशन ३०

प्रथम निर्देशन ३०

विकल्प निर्देशन ३०

पृष्ठ निर्देशन ३०

अङ्क निर्देशन ३१

प्रस्तुति र अनुक्रम ३१

भाषा ३२

वर्णविन्यासगत त्रुटि ३३
आन्तरिक आधारमा प्रश्नको विश्लेषण ३३
पाठ्यक्रमको अनुरूपता ३३
भाषिक सिपगत आधारमा प्रश्नपत्रको विश्लेषण ३३
सुनाइ र बोलाई सिप ३४
पढाई र लेखाई सिप ३४
पाठ्यपुस्तकका आधारमा ३७
विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण ३७
प्रयोगात्मक कार्यको लागि विशिष्टिकरण तालिका ३८
**अध्याय पाँच**
**निष्कर्ष, सुझाव र उपयोगिता**
निष्कर्ष ४०
अङ्कभारको आधारमा ४०
प्रश्नपत्रको बाह्य आधार ४१
प्रश्नपत्रको स्वरुप ४१
प्रश्नपत्रको निर्देशन ४२
पृष्ठ र संख्या ४२
कागज ४२
अङ्क निर्देशन स्तर ४३
प्रस्तुती र अनुक्रम ४३
भाषा ४४
आन्तरिक आधार ४४
पाठ्यक्रम स्वरुप ४५
भाषिक सीप ४५
पढाइ लेखाई र सिप भाषाका सीप ४५
विशिष्टीकरण तालिका आधारमा ४५
सुझाव ४७
उपयोगिता ४९

नीतिगत तह ४९
कार्यान्वय तह ४९
आगामी अनुसन्धानको लागि शीर्षक ५०
सन्दर्भ सूची ५१
परिशीष्ट

# तालिका सूची


| शीर्षक | पेज नं |
|---|---|
| तालिका नं १ अङ्क विभाजन र समय निर्धारण तालिका | १९ |
| तालिका नं २ प्रश्न सङ्ख्या, अङ्कभार समय निर्धारण तालिका | २० |
| तालिका नं ३ अङ्कभार अनुसार प्रश्नपत्रको विश्लेषण | २२ |
| तालिका नं ४ व्याकरण विधा र अङ्कभार | २३ |
| तालिका नं ५ संक्षिप्त प्रश्नको अङ्कभार तालिका | २४ |
| तालिका ६ पठनवोध र अङ्कभार तालिका | २५ |
| तालिका नं ७ लामो उत्तर र अङ्कभार तालिका | २६ |
| तालिका नं ८ उप शीर्ष भागमा एकाइ तालिका | २८ |
| तालिका नं ९ अङ्क निर्देशन तालिका | ३१ |
| तालिका नं १० प्रश्न र अनुक्रम तालिका | ३२ |
| तालिका नं ११ पढाई सिप र प्रश्न तालिका | ३५ |
| तालिका नं १२ लेखाइ सिप प्रश्न तालिका | ३६ |
| तालिका नं १३ प्रयोागात्म कार्यको लागि विशिष्टीकरण तालिका | ३९ |

# अध्याय एक
# शोधको परिचय

## अध्ययनको पृष्ठभूमि

मूल्याङ्कन शिक्षण सिकाइसँग सम्बन्धित वैज्ञानिक अवधारणा हो (गुप्ता २०७४:१) । कुनै पनि कार्यको अन्तिम नतिजा के कति कस्तो भयो भनी जानकारी गराउने कार्य मूल्याङ्कनले गर्दछ । त्यस्तै शिक्षण क्षेत्रमा पनि शिक्षणकार्यपश्चात् पाठ्यक्रमले निर्धारण गरेअनुसार विद्यार्थीमा के कति ज्ञान, सिप र व्यवहारमा परिवर्तन भयो वा उपलब्धि भयो भएन भनी लेखाजोखा गर्ने कार्य मूल्याङ्कन गर्दछ (अधिकारी २०७७:७३७) । अन्य विषय जस्तै भाषा पनि शिक्षणसँग सम्वन्धित विषय हो तर अन्य विषयभन्दा भाषा विषयको प्रकृति बिषयवस्तु जटिल हुने गर्दछ । त्यसैले यसको मूल्याङ्कन प्रक्रिया वा कार्य पनि कठिन हुने गर्दछ । भाषा विचार विनियमको महत्वपूर्ण साधन भएको हुनाले मानिसहरू जतिसक्दो सहज रूपमा भाषाको प्रयोग गर्ने गर्दछन् । त्यसैले सैद्धान्तिक रूपमा रहेको भाषाको नियम र व्यवहारमा प्रयोग गर्ने भाषा फरक हुने गर्दछ । त्यसैले भाषाको मूल्याङ्कन गर्न कठिन हुने गर्दछ । भाषा मुख्यगरी चार ओटा सिपमा बढी जोड दिन्छ जस्तै : सुनाइ, बोलाइ, पढाइ, लेखाइ यो चारओटै सिपको एकीकृत शिक्षणले भाषालाई स्तरीकृत बनाउन सहयोग गर्दछ ( शाह २०६८:१) ।

विद्यार्थीको ज्ञान, सिप, परीक्षणको लागि प्रश्नपत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । उद्देश्यमा आधारित निश्चित प्रयोजनको लागि निश्चित समय उपलब्धि मापन गर्न बनाइएको प्रश्नहरूको सगालो नै प्रश्नपत्र हो (चुडाल २०७२:८) । जसले विद्यार्थीहरूको बौद्धिक ज्ञान, सिप, क्षमता आदि परीक्षण गर्न सहयोग गर्दछ । विद्यालय तहमा हेर्दा कक्षा ५ को प्रश्नपत्र जिल्ला स्तरमा कक्षा ८ को क्षेत्रीय स्तरमा र कक्षा १० को राष्ट्र स्तरमा निर्माण गरिन्छ भने अन्य कक्षाको प्रश्नपत्र विद्यालय तहमा विषय शिक्षकले प्रश्नपत्र निर्माण गर्दछन् । प्रश्नपत्र निर्माण गर्न विशिष्टिकरण तालिकाको प्रयोगको भूमिका महत्वपूर्ण रहेको हुन्छ । प्रश्न निर्माण

प्रश्नका किसिम प्रश्न सङ्ख्या, प्रश्नको अङ्कभार, समय आदि जस्ता पक्षहरूमा ध्यान पुऱ्याउनुपर्दछ ।

प्रश्न निर्माण गर्दा भाषाका चार ओटै सिपलाई परीक्षण गर्ने किसिमको प्रश्न हुनु पर्दछ। तर हाल प्रश्न मुख्य गरी विषयगत  र वस्तुगत गरी २ किसिमको रहेको पाइन्छ । विषयगतमा लामो र छोटो उत्तरात्मक प्रश्न २ प्रकारको प्रश्न निर्माण गरिएको हुन्छ भने वस्तुगत प्रश्न खाली ठाउँ, जोडा मिलाउने, ठीकबेठिक र बहुबैकल्पिक गरी ४ प्रकारको रहेको पाइन्छ ।

भाषाको प्रश्नपत्र निर्माण गर्दा विद्यार्थीको ज्ञान, सिप, क्षमताको लागि माथि उल्लेखित प्रश्नहरूद्वारा परीक्षा वा मूल्याङ्कन गरिने भएकाले पढाई र लेखाई सिपको परीक्षण गर्न सकिएता पनि सुनाइ र बोलाई सिपको परीक्षण गर्न सहयोग नपुगेको  देखिन्छ भने प्रश्न निर्माण गर्दा विषय शिक्षकको अभाव, तालिम प्राप्त शिक्षकको अभाव, शिक्षकमा सक्रियताको कमि आदि  जस्ता पक्षले प्रश्न निर्माणमा समस्या पुऱ्याइरहेको पाइन्छ  (गुप्ता २०७४:१)।

नेपाली भाषा पाठशालाको शिक्षा १९५९ मा देवशमसेरको पालादेखि नै आएको पाइन्छ (अधिकारी २०७५:३) । शिक्षाका विभिन्न ऐनहरूले शिक्षा क्षेत्रमा धेरै विषय वा क्षेत्रमा परिवर्तन गरे पनि नेपाली भाषालाई खासै परिवर्तन नगरेको पाइन्छ । अन्य विषय शिक्षकहरूले पनि नेपाली भाषा पाठ्यपुस्तक पढाउन सक्छ भन्ने गलत विचारले अन्य अन्य विषय भन्दा यो विषय पछाडि पर्न गएको हो । जसले गर्दा शिक्षणका साथसाथै प्रश्न निर्माण र उपलब्धिमा समेत असर परेको देखिन्छ । यसरी भाषा परिक्षणका लागि निर्माण गर्ने प्रश्नहरू माथि उल्लिखित समस्याहरू निराकरण गर्न विषय शिक्षक, विशिष्टकरण तालिकाको प्रयोग, शिक्षकको सक्रियता, तालिम प्राप्त शिक्षक आदि जस्ता पक्षहरूमा ध्यान पुऱ्याई प्रश्न निर्माण गरेमा प्रश्नपत्र उपयुक्त स्तरीय र उपलब्धिमूलक बनाउन सकिन्छ । प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको ने.पा.शि. ५९८ पाठ्यांशको आवश्यकता परिपूर्तिको निम्ति तयार गरिएको छ।

**समस्या कथन**

भाषा एक व्यवस्था हो । भाषाको गम्भीरतालाई बुझेर प्रश्न निर्माण गर्नुपर्ने हुनाले यो अति नै कठिन कार्य हो । प्रश्नपत्र विश्वसनीय वैधता, उपयुक्त गुणस्तर हुनका साथै उपेक्षित उपलब्धि हुन नसक्ने कारण नै प्रश्न निर्माण समस्याका रूपमा रहेको छ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारओटै सिपलाई समेटेर एकीकृत रूपमा प्रश्न निर्मण गर्नुपर्ने भएकाले अन्य विषयको प्रश्नभन्दा केही जटिल हुने गर्दछ ।

नेपालको सन्दर्भमा हेर्दा जिल्ला, क्षेत्र र राष्ट्र स्तरमा प्रश्न निर्माण गर्दछ । जसले गर्दा पाठ्यक्रम र पाठ्यपुस्तकलाई प्रश्नपत्र निर्माणको मुख्य आधार मानी विषय शिक्षकहरूले सैद्धान्तिक रूपमा पढाइ, लेखाइ पक्ष स्तरीय बैधता वैज्ञानिकता भए पनि भाषाको सुनाई, बोलाई तथा व्यवहारिक पक्ष भाषिक बातावारण आदिलाई समेट्न सकिएको हुँदैन । जसले गर्दा , प्रश्न स्तरीय हुँदा पनि उपयुक्त उपलब्धिमूलक नरहेको पाइन्छ । साथै विद्यालय तहमा विषय शिक्षकले प्रश्न निर्माण गर्ने भएकाले विषय शिक्षकको अभाव, शिक्षक तालिमको कारण प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिमको खासै प्रयोग नगर्नु, विषयवस्तुको गहिराइ, सम्पूर्ण पक्ष समेट्न नसक्नु, प्रश्न अनुसारको अङ्कभार, समय निर्धारण, प्रश्नको प्रकृति, विशेषताहरूको बारेमा ज्ञानको अभाव भएका कारण र विश्वसनीय, स्तरीयता उपयुक्त गुणस्तरयुक्त प्रश्नपत्र निर्माण गर्न सकिएको पाइदैन जसले गर्दा प्रश्नपत्र निर्माण एक चुनौतिपूर्ण समस्याका रूपमा देखिन्छ । उपयुक्त र गुणस्तरयुक्त प्रश्नपत्र निर्माण गर्न नसक्दा परीक्षणीय विषयवस्तु ओझेलमा पर्न सक्दछ । परम्परागत रूपमा प्रयोग गरिएको निमयलाई आधार मानि प्रश्न निर्माण गर्ने भएको हुनाले विषयवस्तुलाई मात्र जोड दिइएको देखिन्छ जसले गर्दा बर्तमान भाषिक आवश्यकतालाई समेट्न नसक्ने भएकाले प्रश्नहरू उपयुक्त देखिदैन । त्यसैले प्रश्नपत्र निर्माण गर्न अत्यन्त जटिल र समस्याका रूपमा मानिन्छ । त्यसैले यो शोधपत्रले निम्नलिखित प्रश्नलाई समस्या मानेका छन् ।

क) कक्षा ५ को बार्षिक परीक्षा २०७५ मा सोधिएका नेपाली विषयको प्रश्नपत्र अङ्कभार अनुसार सुन्तुलित छ?

ख) उक्त प्रश्नपत्र विशिष्टिकरणतालिका अनुसार छ?

ग) उक्त प्रश्नपत्र आन्तरिक र बाह्य विशेषताका आधारमा कस्तो छ ?

## अध्ययनको उद्देश्य :

प्रस्तुत शोधका उद्देश्य निम्नानुसार छन् :

क) कक्षा ५ को परीक्षा २०७५ मा सोधिएको प्रश्नपत्रको अङ्कभार अनुसार सन्तुलन पत्ता लगाउनु,

ख) विशिष्टीकरण तालिका का आधारमा उक्त प्रश्नपत्रको अध्ययन गर्नु,

ग) उक्त प्रश्नपत्रको आन्तरिक र बाह्य विशेषताका आधारमा अध्ययन गर्नु ।

## अध्ययनको औचित्य र महत्व

कुनै कार्य सञ्चालन गर्दा त्यस कार्यबाट के कस्ता लाभ प्राप्त हुन्छ? किन आवश्यक छ? यस अध्ययनले कसलाई के फाइदा पुऱ्याउँछ भन्ने प्रश्नको जवाफ नै औचित्य वा महत्व हो । हरेक अध्ययन समस्यामा आधारित रहेको हुन्छ, साथै समस्याअनुसार उद्देश्य पनि निर्धारण गरिएको हुन्छ । जसले समावेश गरिको विषयवस्तुलाई अध्ययन गरी नयाँ नयाँ ज्ञान थप्न, सुधार गर्न, आवश्यक कुराहरूको अध्ययन गरी परिमार्जन गर्न शोध कार्यको अध्ययन आवश्यक देखिन्छ ।

भाषिक सिप परीक्षणका लागि भाषिक प्रश्नपत्र अपरिहार्य साधन हो । असल प्रश्नपत्र निर्माण र कार्यान्वयनमा नै भाषा शिक्षण पाठ्यक्रम पाठ्यपुस्तक, सिकारूको उपलब्धि आदिको प्रभावकारिता र निर्भरता हुन्छ ।

प्रस्तुत शोधपत्र २०७५ सालमा विद्यालयीय तहमा कक्षा ५ (पाँच) को बार्षिक परीक्षामा सोधिएको प्रश्नपत्रको विश्लेषणको बारेमा अध्ययन गरिएको छ । भाषा शिक्षण र भाषिक मूल्याङ्कन साथै भाषा पाठ्यक्रम निर्माण क्षेत्रमा यो अध्ययन अनुसन्धानले अहम् भूमिका खेलेको हुन्छ । यस अध्ययनको अन्त्यमा प्रश्नपत्र निर्माण गर्दा देखिएका कमीकमजोरीहरूलाई समस्याका रूपमा मानी समाधानका उपाय सल्लाह सुझावसमेत उल्लेख गरिने भएकाले प्रश्न निर्माणकर्तालाई सहयोग गर्न मदत पुऱ्याउँछ । शिक्षकलाई अनुसन्धानात्मक विषयका साथै प्रश्नपत्र निर्माण र प्रश्नपत्रको रूपरेखाबारे जानकारी गरिएको छ ।

हरेक क्षेत्रबाट आएको अनुसन्धनात्मक नतिजा बाट भाषिक प्रश्नपत्रको सैद्धान्तिक पक्षको पढाइ र लेखाइ सिपलाई मात्र जोड नदिई व्यावहारिक, प्रायोगिक ज्ञान, सिपको पनि

परीक्षण गर्न सक्ने खालको भिन्न किसिमको प्रश्न निर्माण गर्नुर्प भन्ने ज्ञानको बोध गराउँछ । सबै प्रश्न निर्माणकर्ता विज्ञ नै हुँदैन जसले गर्दा विशिष्टिकरण तालिकाको प्रयोग नगर्नु, प्रश्नको गहिराइ अङकभार कागजको स्तर, प्रश्न निर्माणको पुरानो नियमलाई आधार मानेर बर्तमान भाषिक ज्ञानको परीक्षण गर्ने खालको प्रश्न निर्माण गर्नु जस्ता पक्षहरूलाई अध्ययन गरी आवश्यक परामर्श मार्ग निर्देशन गर्ने कार्य यस अध्ययनले गर्दछ ।

वर्तमान शिक्षा प्रणालीमा पनि पाठ्यक्रमलाई आधार मानेर प्रश्न निर्माण गर्दछ तर समयको परिवर्तन, भाषिक गतिशीलता आन्तरिक ज्ञान, प्रष्फुटन गर्न सक्ने प्रतिष्पर्धा गर्न सक्ने, सिर्जनात्मक रूपमा अन्तर आउन सक्ने प्रश्न निर्माण गर्नुपर्दछ भनी जानकारी अध्ययन अनुसन्धानबाट प्राप्त हुन्छ । त्यसैले यो शोधकार्यको समापनपश्चात् शिक्षक, विद्यार्थी, मूल्याङ्कनविद् विद्यालयीय प्रशासन, प्रश्न निर्माणकर्ता तथा भावी अनुसन्धानकर्ता सम्पूर्ण पक्षलाई लाभदायक, महत्व र औचित्यपूर्ण हुन्छ ।

## अध्ययनको परिसीमा

अध्ययन गरिने शोधपत्र वा अनुसन्धानात्मक कार्यले कुन कुन क्षेत्रलाई के कति मात्रामा समेटिएर अध्ययन गर्दछ । त्यसैलाइ नै अध्ययनको परिसीमा वा सिमाङ्कन भनिन्छ । जसले निश्चित अध्ययन क्षेत्रलाई समेट्दछ ।

प्रस्तुत अध्ययन प्रतिवेदन उदयपुर जिल्लाको श्री शिव माध्यमिक विद्यालयमा २०७५ सालमा कक्षा ५ को बार्षिक परीक्षामा प्रयोग गरिएका प्रश्नहरूको प्रश्नहरूको विश्लेषणमा सीमित गरिएको छ । उक्त प्रश्नपत्रमा प्रश्नको र अङक्भार सन्तुलनको अध्ययन गरिएको छ । यस शोधमा आन्तरिक आधारमा पाठ्यक्रमको अनुरूपता, भाषिक सीप, पाठ्यपुस्तक र बाह्य आधारमा प्रश्नपत्रको स्वरूप, प्रश्न संङ्ख्या, आकार, कागज, पृष्ठ निर्देशन, बर्णविन्यास आदि र विशिष्टीकरण तालिकाको आधारमा मात्र प्रश्नहरूको विश्लेषणलाई सीमित अध्ययन गरिएको छ ।

## परिभाषिक शब्द

कुनै शब्दलाई स्पष्ट रूपमा अर्थ खुलाउने गरी विश्लेषण गरिने शब्दलाई पारिभाषिक शब्द भनिन्छ । यस शोध प्रस्ताव वा शोधपत्र प्रयोग गरेका सम्वन्धित विषय क्षेत्रका पारिभाषिक शब्दहरू निम्नलिखित रहेका छन् ।

प्रश्नपत्र : २०७५ सालमा सोधिएका नेपाली विषयका एक सेट प्रश्नपत्र

विशिष्टिकरण तालिका : प्रश्नमा अङ्कभार प्रकार स्वरूप आदि झल्काउने खाका

अङ्कभार : प्रश्नको प्रकृति, गहिराइ, गम्भीरता आदिका आधारमा अङ्क निर्धारण

विशेषता : प्रश्नमा हुने लम्वाइ, किसिम, कागज रङ्ग मसि आदि गुण

सन्तुलन : प्रश्न र अङ्कभार बीचको मिलान

परिसीमा : निर्धारित गरिएको सीमा

## शोधपत्रको रूपरेखा

शोध अध्ययनमा कुन-कुन कुरा समेटी अध्ययन गरिएको छ त्यस बारेमा छोटो रूपमा खाका तयार गर्नु नै रूपरेखा हो । रूपरेखाले भित्र भएको अध्ययन बारे पूर्व जानकारी गराउने कार्य गर्दछ । यस शोधपत्र अध्ययनको रूपरेखा निम्नानुसार छन् :

अध्याय एक - शोधको परिचय

अध्याय दुई - पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीन - अध्यननको संरचना

अध्याय चार - व्याख्या र विश्लेषण

अध्याय पाँच - निष्कर्ष, सारांश र सुझाव

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्व कार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

## पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्ने क्रममा आफुभन्दा अगाडि सम्पन्न भएका अध्ययन अनुसन्धानहरूको व्यवस्थित र क्रमबद्धरूपले समीक्षा गर्ने कार्य (लामिछाने र अन्य २०६९:१३९) । नै पूर्वकार्यको समीक्षा हो । यस शोध अध्ययन कार्य सुरू गर्नुअघि निम्न व्यक्तिहरूको शोध अध्ययन विश्लेषण गरिएको छ :

पौडेल, (२०५१) द्वारा **कक्षा आठ को जिल्ला स्तरीय परीक्षामा २०५१ सालमा नेपाली भाषा विषयका प्रश्नहरूको विश्लेषण** शीर्षकमा केन्द्रीय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा शोधपत्र बुझाइएको देखिन्छ । उक्त शोधपत्र वा समस्याहरू यस प्रकार छन् :

क) अङ्क विभाजन र समय निधार्नरण के कस्तो छ ?

ख) प्रश्नपत्रमा निर्देशन उपयुक्त छ कि छैन ?

ग) प्रश्नहरूको प्रस्तुती अनुक्रम वैज्ञानिक छ कि छैन ? भन्ने प्रश्नलाई समस्याका रूपमा लिइएको छ ।

**उक्त समस्या समाधान गर्न :**

क) अङ्क विभाजन र समय निर्धारण पत्ता लगाउनु ख) प्रश्नपत्रमा निर्देशनको उपयुक्तता पत्ता लगाउनु ग) प्रश्नहरूको प्रस्तुति अनुक्रम बैज्ञानिक छ कि छैन अध्ययन गर्न भनि उद्देश्य राखिएको छ।

पुस्तकालयीय कार्य प्रयोग गरी यस शोधपत्रमा अङ्क विभाजन र समय निर्धारण पनि फरक फरक किसिमले गरिएको प्रश्नपत्रमा स्पष्ट निर्देशन नदिइएको र प्रश्नहरूको प्रस्तुति अनुक्रम वैज्ञानिक र दुर्बल रहेको निष्कर्ष निकालिएको छ ।

रेग्मी (२०५४) द्वारा **कक्षा छ मा २०५३ सालमा उपयोग गरिएको नेपाली भाषा विषयका प्रश्नहरूको विश्लेषण** शीर्षकमा महेन्द्ररत्न क्याम्पसमा यो शोध तयार पारिएको छ । यस शोधपत्रमा (१) जिल्ला स्तरीय परीक्षा २०५३ मा सोधिएका कक्षा ५ को नेपाली भाषा विषयका प्रश्नहरूको विभिन्न सैद्धान्तिक आधारमा अध्ययन गर्नु, (२) उपयुक्त प्रश्नहरूमा पाइएका कमीकमजोरी औल्याउनु र (३) सुधारका निम्ति सुझाव प्रस्तुत गर्नु भनि उद्देश्य

निर्धारण गरिएको छ । तुलनात्मक र पुस्तकालयीय कार्यको प्रयोग गरी व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिको समेत प्रयोग गरी अङ्कभारमा अस्पष्ट पाठ्यक्रममा सुधार  गर्नु, अधिराज्यभर परीक्षा प्रणालीमा एकरूपता ल्याउनु, परीक्षा निर्देशिका बमोजिम परीक्षा संचालन गर्नु प्रश्नपत्रको मुद्रणमा कमजोरी देखिनु आदि निष्कर्ष निकालिएको छ ।

ढकाल (२०५७) द्वारा **२०५६ सालमा उपयोग गरिएका कक्षा १० को नेपाली भाषाका योग्यता जाँच परीक्षाका प्रश्नहरूको विश्लेषण** शीर्षकमा नेपाली भाषा विभाग त्रि.वि. कीर्तिपुरमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा (क) आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नहरू के कस्ता छन् ? (ख) अंक विभाजन र निर्धारण मिलेको छ छैन पत्ता लगाउनु, (ग) पाठ्यक्रम अनुरूप छन् कि छैन भन्ने प्रश्नलाई समस्याका रूपमा लिइएको छ । उक्त समस्यालाई आधार मानेर (क) आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नहरूको विशेषता पत्ता लगाउनु, (ख) अङ्क विभाजन र निर्धारण मिलेको छ छैन पत्ता लगाउनु (ग) पाठ्यक्रम अनुरूप छन् कि छैन भनि विश्लेषण गर्नुलाई उद्देश्यका रूपमा लिइएको छ ।

पुस्तकालयीय कार्य सामग्री सङ्कलन विधि र विश्लेषण विधिको उपयोग गरी तयार पारिएको शोधपत्र निर्देशन, अङ्क  विभाजन, समय निर्धारण प्रस्तुति  अनुक्रम सन्तुलित भएको निष्कर्ष निकालिएको छ ।

राई (२०६७) द्वारा अनिवार्य नेपाली र ऐच्छिक नेपाली **कक्षा ११ का २०६६ सालमा सोधिएको प्रश्नहरूको अध्ययन** जनता बहुमुखी क्याम्पस इटहरीमा तयार पारिएको छ । उक्त शोधपत्रमा :

(क) आन्तरिक र बाह्य विशेषणका आधारमा कक्षा ११ को प्रश्नपत्र के कस्तो छ?

(ख) आन्तरिक बैद्यताका आधारमा प्रश्नपत्र उपयुक्त छ कि छैन ?

(ग) प्रश्नपत्रका सबल तथा दुर्बल पक्षहरू के के छन् ? भन्ने प्रश्नलाई समस्याका रूपमा मानिएको छ ।

**यसैका आधारमा :**

(क) आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नहरूको सैद्धान्तिक अध्ययन गर्नु ।

(ख) आन्तरिक बैद्यताका आधारमा प्रश्नहरू उपयुक्त पहिचान गर्न पहिल्याउन ।

ग) प्रश्नहरू सवल तथा दुर्वल पक्षहरूको अध्ययन गर्नु भन्ने उद्देश्य राखिएको छ ।

पुस्तकालयीय विधिमा गरिएका यस शोधपत्रमा प्रश्नको तालमेल नमिलेको निर्देशनमा प्रयोग गरिएको भाषा अष्पष्ट रहेको र व्याकरण खण्डमा बढि अङ्क विभाजन भएको निष्कर्ष निकालिएको छ ।

शाह (२०६९), द्वारा **कक्षा ११ को अनिवार्य तथा ऐच्छिक नेपाली विषयको २०६८ सालमा उपयोग गरिएको प्रश्नपत्रको अध्ययन** शीर्षकमा जनता बहुमुखी क्याम्पस इटहरीमा शोध तयार पारिएको छ । **यस शोधपत्रमा :**

क) २०६८ सालमा अनिवार्य र ऐच्छिक नेपाली प्रश्नहरू बाह्य आधारमा वैध र विश्वसनिय छन् कि छैनन् ?

ख) प्रश्नहरू आन्तरिक वैधताका आधारमा उपयुक्त छन् कि छैनन् ?

ग) प्रश्नहरू विद्यार्थीको मातहतमा अनुकुल तथा पाठ्यक्रमले अपेक्षा गरे अनुरूप उद्देश्य प्रति गर्ने खालका छन् कि छैनन् ?

घ) विशिष्टिकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गरिएको छ कि छैनन् ? भन्ने समस्या राखिएको छ ।

**यसैको आधारमा :**

क) २०६८ सालमा अनिवार्य र ऐच्छिक नेपाली प्रश्नहरू बाह्य आधारमा बैध र विश्वसनिय भए नभएको पत्ता लगाउने,

ख) प्रश्नहरू आन्तरिक बैधताका आधारमा उपयुक्त छ छैन पहिल्याउन,

ग) प्रश्नहरू विद्यार्थीहरूको क्षमता अनुकुल र पाठ्यक्रम उद्देश्य पुरा गर्ने खालका छ छैन अध्ययन गर्न,

घ) प्रश्नपत्र विशिष्टिकरण तालिका अनुसार छ छैन विश्लेषण गर्न भन्ने उद्देश्य राखिएको छ, पुस्तकालयीय विधिको प्रयोग गरि प्रश्नमा हुने विश्वसनियता बस्तुनिष्ठता उपयोगिता, व्यापकता र विभेदकारीता जस्ता पक्षमा कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

चुडाल (२०७२), द्वारा जिल्ला स्तरीय परीक्षा कक्षा ८ मा २०६९ सालमा उपायेग गरिएका नेपाली विषयका यो शोधपत्र तयार पारिएको छ । यस शोध पत्रमा (क) २०६९ सालको प्रश्न

बाह्य आधारमा बैद्य र विश्वसनिय हुन् ? ख) प्रश्नहरू आन्तरिक आधारमा उपयुक्त छन् कि छैन् ? (ग) कस्ता प्रश्नहरू निर्माण गर्नु आवश्यक छ? भन्ने प्रश्नलाई समस्या मानेका छन् । उक्त समस्या समाधान गर्न (क) २०६९ सालमा उपयोग गरिएका प्रश्नहरू पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टकरण तालिका अनुसार भए नभएको पत्ता लगाउनु, (ख) उक्त प्रश्नको विश्वसनियता वैद्यता पत्ता लगाउनु, (ग) जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएको प्रश्नपत्रमा पाइने समानता र असमानता पत्ता लगाउनु भनि उद्देश्य निर्धारण गरिएको छ । तुलनात्मक र पुस्तकालयीय विधिको प्रयोग गरी व्याख्यात्मक र वर्णात्मक विधिको समेत प्रयोग गरि अङ्क विभाजनमा फरक, प्रश्नपत्र, अवैधानिक छन्, वर्णविन्यास त्रुटि र प्रश्नमा बैद्यताको कमजोरी रहेको निष्कर्ष निकालिएको छ ।

प्रसाई (२०७३), द्वारा प्रवेशिका परीक्षामा २०७० सालका नेपाली विषयका प्रश्पत्रहरूको अध्ययन शीर्षकमा जनता बहुमुखी क्याम्पस इटहरीमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा : (क) निर्धारित प्रश्नहरू वैद्य र विश्वसनिय छन् कि छैनन् ? (ख) उक्त प्रश्नहरू आन्तरिक वा बाह्य पक्षका आधारमा उपयुक्त छन् कि छैनन् ? (ग) उक्त प्रश्नहरू विद्यार्थीको क्षमता अनुकुल छ कि छैनन् भन्ने समस्या मानिएको छ । यस अनुसार (क) २०७० सालका प्रवेशिका परीक्षामा सोधिएका नेपाली विषयका प्रश्नहरूको विश्वसनियता र वैधताको अध्ययन गर्नु, (ख) उक्त प्रश्नहरूको आन्तरिक र बाह्य पक्षका आधारमा सैद्धान्तिक अध्ययन गर्नु, (ग) प्रश्नहरूको विद्यार्थीको क्षमता र योग्यता अनुकुल भए नभएको पत्ता लगाउनुलाई उद्देश्य मानिएको छ । पुस्तकालयीय विधिको उपयोग गरी वैद्य र विश्वसनिय नभएको, उक्त प्रश्नहरू आन्तरिक वा बाह्य पक्षका आधारमा उपयुक्त नदेखिएको र प्रश्नहरू विद्यार्थीहरूको क्षमता अनुकुल नभएको निष्कर्ष निकालिएको छ ।

गुप्ता (२०७४), द्वारा **कक्षा आठ को जिल्ला स्तरीय परीक्षामा नेपाली विषयको २०७२ सालमा उपयोग प्रश्नपत्रको अध्ययन** शीर्षकमा सुकुना बहुमुखी क्याम्पस मोरङमा यो शोध तयार पारिएको छ । यस शोधपत्रमा : क) २०७२ सालमा उपयोग गरिएको छ प्रतिनिधि प्रश्नपत्रहरू पठ्यक्रम अनरूप रहेको छ ? ख) ती प्रश्नहरू विश्वसनीय र वैद्य छन् ? ग) ती प्रश्नहरूमा समानता र असमानता कस्तो रहेको छन् ? ती प्रश्नहरूमा कमी

कमजोरीहरू कस्ता छन् ? भन्ने प्रश्नलाई समस्याको रूपमा मानिएका छन् ? ती प्रश्नहरूमा आधारित भई क) २०७२ सालमा उपयोग गरिएका कक्षा आठको जिल्ला स्तरीय परीक्षाका प्रश्नपत्रहरू पठ्यक्रम अनुरूप भए नभएको पत्ता लगाउनु, ख) उक्त प्रश्नपत्रहरूको विश्वसनीयता र वैद्यताको आधारमा अध्ययन विश्लेषण गर्नु, ग) जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएको विभिन्न जिल्लाका प्रश्नहरूमा पाइने समानता र असमानता पत्ता लगाउनु भन्ने प्रश्नहरू उद्देश्य रहेका छन् :

वर्णनात्मक र पुस्तकालयीय विधिको प्रयोग गरी तुलनात्मक अध्ययन गरी प्रश्नको स्वरूप अक्षर निर्देशन, वर्णविन्यास सम्वन्धी त्रुटि, विधागत असन्तुलन भएको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधकार्य पूर्व प्रश्नपत्र विश्लेषण क्षेत्रमा चुडाल २०६९), ढकाल(२०५७), पौडेल (२०५१), प्रसाई (२०७०),राई (२०६८), साह (२०६८), गुप्ता (२०७४) ले शोधकार्य सम्पन्न गरेका छन् । यी मध्ये प्रथम चौथो र छैठौं प्रश्नपत्रको आन्तरिक र बाह्य विश्लेषणसँग सम्वन्धित छन्, दोश्रो र सातौं पाठ्यक्रम, विस्सनीय र वैद्यतासँग सम्वन्धित छन् भने तेस्रो अङ्क अनुक्रमसँग सम्वन्धित अध्ययन गरेका छन् । तर अङ्क अध्ययन गरेको पाइदैन । यस अर्थमा यो अध्ययन अन्य भन्दा भिन्न र मौलिक छ ।

**पूर्वकार्यको उपयोगिता**

कुनै शीर्षकको बारेमा पहिले नै तयार गरिएको शोधपत्रको अध्ययन विश्लेषण गर्नु पूर्व कार्य समिक्षा हो । भिन्न-भिन्न क्षेत्रमा एउटै शीर्षकको शोध कार्यको लागि फरक-फरक विषयवस्तु, समस्या, घटना आदि कुरा सोधिएको हुन्छ । जसबाट प्रत्येक क्षेत्रको परिस्थितिको जानकारी हुनुको साथै शोधकर्ताको क्षमता, ज्ञान, बौद्धिक स्तर थाहा पाउनु पूर्व कार्यको समीक्षा उपयोगी हुन्छ । समयको परिवर्तन सँगै शिक्षण क्षेत्र, मूल्याङ्कन प्रणाली, प्रश्नपत्र निर्माण प्रक्रिया, प्रश्नपत्रको संरचना, परिवर्तन बारे ज्ञान गराउनुको साथै शोधकर्ताको ज्ञानको गहिराई क्षमता, स्तर थाहा पाउन उपयोगी देखिन्छ । अनुसन्धान विभागका विद्वानहरूलाई प्रश्न निर्माणकर्ताहरूलाई मूल्याङ्कनकर्तालाई सम्पूर्ण क्षेत्र समेटिएर प्रश्नपत्र निर्माण गर्नका साथै शोधकर्ताहरूलाई मार्गदर्शन प्रदान गर्दछ ।

प्रस्तुत शोधकार्य (२०७९), सालमा उपयोग गरिएको कक्षा ६ को प्रश्नपत्रमा आधारित पूर्व शोधकर्ताहरूको अध्ययन गरिएको यसै शीर्षकसँग सम्वन्धित शोधपत्रहरूलाई पूर्वकार्य समीक्षाको रूपमा विश्लेषण गरी यो शोध अध्ययन कार्य पूरा गरिएको छ । फरक-फरक कक्षाका प्रश्नपत्रको अध्ययन र सम्वन्धित विषयवस्तु, समस्या, उद्देश्य, विश्लेषण गर्ने आधारहरू, प्रश्न संरचना, समय निर्धारण जस्ता पक्षहरू समावेश गरिएको पाइन्छ । प्रश्नहरूको तुलनात्मक अध्ययन, आन्तरिक तथा बाह्य गुण विशिष्टीकरण तालिकाको उचित प्रयोग भए नभएको आदि बारे विश्लेषण अध्ययन गरिएको पाइन्छ । सैद्धान्तिक रूपमा हेर्दा मूल्याङ्कन, भाषा शिक्षण, परीक्षाको अवधारणा सिद्धान्त, भाषिक मूल्याङ्कनलाई विद्वानहरूले हेरिने दृष्टिकोण, परिभाषा बिस्तार, कुन-कुन तहमा मूल्याङ्कन प्रणाली कसरी सञ्चालन गर्ने, प्रश्नपत्र कहाँ र कसले निर्माण गर्नेबारे विद्वान्हरूको नामसमेत उल्लेख गरिएको देखिन्छ । यिनै शोधपत्रलाई पूर्व समीक्षाको रूपमा उपयोग गरी अन्य भन्दा भिन्न र मौलिक शोकार्य तयार गर्न पूर्वकार्य समीक्षा उपयोगी देखिन्छ । पूर्व कार्य समीक्षाले बाटो देखाउने कार्य गरे पनि यसमा भिन्न मौलिक ज्ञानहरू समस्यालाई प्रत्यक्ष रूपमा मूल्याङ्कन गरी अध्ययन गर्ने कार्य गरिएको छ ।

यसरी समस्या चयन, उद्देश्य, निर्धारण, अध्ययन, संरचना सामग्री संकलन, विश्लेषण तथ्याङ्क प्रस्तुति क्रम लगायतका कार्यहरू गर्न पूर्वकार्यको उपयोग गरिएको छ ।

यस अध्ययनमा उपयोग गरिएका पूर्वकार्यहरू यो शोधपत्रको प्रारूप निर्माण, सामग्री संङकलन नमूना छनोट र विश्लेषणमा उपयोगी छन् ।

## सैद्धान्तिक /धारणात्मक संरचना

कुनै कार्य पश्चात के  कति उपलव्धि प्राप्त भयो वा भएन भनी लेखाजोखा गर्नु मूल्याङ्क हो । मापन+अङ्क मिलेर मूल्याङ्कन शब्दको निर्माण भएको हो । (जबरा, २०७०:१२) जसको अर्थ कुनै बस्तुको गुण अनुसार अङ्क प्रदान गर्नु हो । मूल्याङ्कन शब्द प्राचिन समय देखि नै चलिआएको पाइन्छ । हरेक कार्यको असल खराव, बढी घटी, गुण अवगुण आदिको परीक्षण मूल्याङ्कनबाट हुने गर्दछ । समयको परिवर्तन विकास र विस्तारले गर्दा हरेक क्षेत्रमा लागू गरिएको पाइन्छ । भाषा शिक्षण जस्तो जटिल कार्यको लागि अतिनै अपरिहार्य देखिन्छ । शिक्षण क्षेत्रमा सिकाई कार्य पश्चात विद्यार्थीबाट प्राप्त उपलव्धि, विद्यार्थीमा भएको ज्ञान, सिप र

व्यवहार परिवर्तन आदिको परीक्षण मूल्याङ्कनबाट गरिन्छ । "शैक्षिक कार्यक्रमलाई व्यवस्थित ढंगले जाँचबुझ गर्ने कडी नै मूल्याङ्कन हो" (कर्नव्याक, १९८०) "मूल्याङ्कन भनेको शैक्षिक उद्देश्यहरू रबास्तविक रूपमा कुन हदसम्म प्राप्त गर्न सकियो भनि किटान गर्ने प्रक्रिया हो" ( टेलर, १९५०:१५) मूल्याङ्कनकर्ताद्वारा कुनै पनि वस्तुको मूल्य निर्धारण गर्दा अपनाइने प्रक्रिया नै मूल्याङ्कन हो । (शिक्षा शब्दकोष) मूल्याङ्कन एउटा बैज्ञानिक अवधारणा हो, जुन मापन भन्दा बढी व्यापक हुन्छ । यसमा गुणात्मक एवं संख्यात्मक  मापनका साथै पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षण प्रक्रिया शिक्षण सामग्री आदि समेतको लेखाजोखा पर्दछ । (जबरा र अन्य २०७०) "शिक्षाको कुनै एउटा पक्षको उद्देश्य पहिचान गर्ने र ती उद्देश्य कुन मात्रामा उपलव्ध भयो भनेर मूल्य निर्धारण गर्ने एउटा पूर्ण प्रक्रिया नै मूल्याङ्कन हो" (पराजुली र अन्य २०६५:१९) यसरी माथि उल्लेखित सैद्धानितक धारणाहरू विभन्नि विद्वानहरूले व्यक्त गरेका छन् । मूल्याङ्कन सिकाइ जाच्ने व्यवस्थित बैज्ञानिक अवधारणा हो । हरेक क्षेत्रमा मूलयाङ्कन भिन्न भिन्न तरिकाले परिक्षण गर्ने भएकाले सिकाइ क्षेत्रमा परिक्षण गर्ने मुख्य आचार परिक्षणलाई लिइएको पाइन्छ । निश्चित समय पश्चात सिकारूको ज्ञान, सिप, व्यवहार, मापन गर्न विधिवत् रूपले संचालन गर्ने प्रक्रियालाई जनाउँछ । नेपालको परिप्रेक्ष्यमा हेर्दा परिक्षालाई नै मूल्याङ्कनको मुख्य, शसक्त र प्रभावकारी माध्यमको रूपमा मानिएको छ । सकाई मापन गर्ने परीक्षा प्रणाली संचालन र कार्यान्वयन गर्ने मुख्य माध्यम प्रश्नपत्र हो । ज्ञान, सिपको विषयवस्तुलाई समेटिएर प्रश्नको निर्माण गर्दा विद्यार्थीको स्तर, क्षमता, तह आवश्यकतालाई ध्यान पुऱ्याई विश्वसनीयता वैद्यता, वस्तुनिष्ठता, उपयोगिता, व्यवहारिकता स्पष्ट, स्तरीयता आदिलाई समेत ध्यानमा राखि प्रश्न निर्माण गर्नुपर्दछ ।

नेपालको शैक्षिक प्रणालीलाई हेर्दा कक्षा ५ को प्रश्नपत्र स्रोत केन्द्रमा कक्षा ८ को क्षेत्रमा र कक्षा १० को राष्ट्रिय स्तरमा निर्माण गर्दछ भने अन्य कक्षाको प्रश्नपत्र विद्यालय तहमा नै निर्माण गर्दछ । प्रश्न निर्माण गर्दा अङ्क, प्रकार, अक्षर, प्रश्नको गहिराइ, समय, तह आदि कुरामा ध्यान पुऱ्याउनु पर्दछ । भाषिक प्रश्नपत्र निर्माण गर्दा सुनाई, बोलाई, पढाई, लेखाई यी चार ओटै सिपलाई एकिकृत गरी प्रश्न निर्माण गर्नुपर्दछ । भाषिक प्रश्न निर्माण गर्दा भाषिक शुद्धताका लागि व्याकरणिक नियम, सिर्जनात्मक क्षमता, कला मापनमा ध्यान दिनुपर्दछ ।

थोरै अङ्कभारका धेरै प्रश्न निर्माण गर्नाले विषयवस्तुको व्यापकतालाई समेट्न सकिन्छ । तर एकै किसिमको धेरै प्रश्न थुपार्नु गलत हो । सम्भव भएसम्म प्रश्नहरूमा विविधता ल्याई निर्मित प्रश्नहरूलाई समयोग्यता स्तरका समूहमा पूर्व परीक्षण गरेर प्रत्येक प्रश्नको विश्लेषण गरी तिनमा हुनुपर्ने गुणहरूको फरक गरेर आवश्यक संसोधन र परिमार्जन गरी प्रयोगमा ल्याउनु उत्तम हुन्छ ।

भाषा परीक्षणका सन्दर्भमा मुख्यत : पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू उपयोग गरिन्छ । सैद्धान्तिक ज्ञान परीक्षणको लागि उत्पादनात्मक प्रश्नहरू उपयोग गरिएको पाइन्छ । सैद्धान्तिक ज्ञानलाई पनि प्रयोग सन्दर्भ वा रचनात्मक पक्षहरूद्वारा झल्काउन सकिने एकिकृत प्रक्रियाद्वारा उत्पादनात्मक खालका प्रश्नहरूको उपयोग गर्नु भाषा शिक्षणको उद्देश्य मुताविक हुन्छ । व्याकरणका प्रश्नहरू बनाउदा भाषा प्रयोग पक्ष, शब्द भण्डारका लागि प्राविधिक/परिभाषिक विषय क्षेत्र र शब्दलाई आधार बनाउनु पठनबोधका लागि निश्चित दृष्टांश दिई पहिचान तर्क अनुमान आदिका छोटा उत्तर आउने प्रश्नहरू निर्माण गर्नुपर्दछ ( शर्मा र पौडेल २०७२:३०६) ।

सैद्धान्तिक रूपमा लिखित परीक्षाका लागि विषयगत र बस्तुगत २ किसिमका प्रश्नहरू निर्माण गर्दछ जुन निम्नानुसार छन् :

**विषयगत प्रश्न :**

विद्यार्थीमा भाषिक विषयवस्तुको र ज्ञानको गहिराई मापनको लागि सिप, शैली, रचना, स्वतन्त्र सिर्जनात्मक र मौलिक अभव्यिक्ति पक्षको क्षमता जाँचका लागि विषयगत प्रश्न निर्माण गरिन्छ । यो प्रश्न निर्माण गर्न सजिलो तर परीक्षण गर्न कठिन हुन्छ । यो प्रश्नको उत्तर व्यक्ति वौदिक क्षमता अनुसार फरक फरक आउने भएकाले यसलाई व्यक्तिनिष्ट प्रश्न पनि भनिन्छ । विषयगत प्रश्न पनि दुई किसिमको हुन्छ ।

**निबन्धात्मक प्रश्न**

निबन्ध जस्तै लामो स्वतन्त्र प्रकृतिको लेखाई उत्तर आउने प्रश्न निबन्धात्मक प्रश्न हो । चिठी प्रतिवेदन, निवन्ध, समीक्षा, विवेचनात्मक उत्तर आउने प्रश्नहरू यस भित्र पर्दछ । विद्यार्थीको सिर्जनात्मक  क्षमता, मौलिक अभिव्यक्ति सिप रचनात्मक कला सिप परिक्षणको लागि यो प्रश्न उपयोगी हुन्छ ।

**सङ्क्षिप्त उत्तरात्मक प्रश्न**

उत्तर एक दुई अनुच्छेदमा आउने प्रश्नलाई संक्षिप्त उत्तरात्मक प्रश्न भनिन्छ । यो लामो उत्तर भन्दा छोटो प्रकृतिको वा मध्यम प्रकृतिको हुन्छ । यो विषयवस्तुको गहिरो अध्ययन तार्किक संगठित, गुणात्मक रूपमा उत्तर आउने प्रश्न हो । परिक्षार्थीलाई ठोस र सन्तुलित उत्तर दिन परीक्षणीय कुरामा केन्द्रित बनाउन र पढ्दा विषयवस्तुका व्यापक पक्षमा सजग सहायक हुने हुनाले यस्ता प्रश्नमा वैद्यता, विश्वसनीयता, विभेदकारिता जस्ता गुण पनि एथेष्ठ रहन्छ ।

**वस्तुगत प्रश्न**

प्रश्नको एक शब्दले मात्र उत्तर दिन सक्ने प्रश्न  वस्तुगत प्रश्न हो । विषयवस्तुको गहिराई बौद्धिकताको गहिराई बौधिकताको परिक्षण मापनको लागि यो प्रश्नपत्र अति नै महत्वपूर्ण मानिन्छ । एक प्रश्नबाट एउटा कुराको मात्र परिक्षण गर्न सकिन्छ । वस्तुगत प्रश्न पनि मुख्यत चार प्रकारका रहेका छन् । जुन निम्न किसिमका छन् :

**खाली ठाउँ भर्ने प्रश्न**

प्रश्नका आधारमा वाक्यमै निश्चित शब्दहरू हटाई खाली राखेर उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । विषवस्तुमा भएको विभिन्न मितिहरू, नाम, शब्दहरू जान्दछ कि जान्दैनन् भनि पत्ता लगाउन यस प्रकारका प्रश्न प्रयोग गरिन्छ । प्रश्नको शुरू, बीच र अन्त्य जनुनसुकै ठाउँबाट शब्द झिकेर खाली राखी यो प्रश्न निर्माण गर्न सकिन्छ तर सकेसम्म प्रश्नको शुरू तिरनै खाली राख्नु उत्तम मानिन्छ । अनुमानको आधारमा प्रश्नको उत्तर दिने बानिहरू हटाउन सहयोग गर्दछ ।

**ठीक बेठीक प्रश्न**

दिइएका भनाइहरू, वाक्यहरू ठीक बेठीक, सत्य, असत्य सही गलत के छ भनि छुट्याउन ठीक बेठीक प्रश्न हो । विशेषगरी यो प्रश्नको उत्तर ठीक भए (✓) र गल्ती भए (✘) चिन्हको प्रयोग गरी उत्तर दिन्छ । यो प्रश्नले सिकेका कुराहरू पहिचान गर्न तथा छिटो निर्णय गर्न सक्ने क्षमता अभिबृद्धि गर्नको लागि यो प्रश्न उपयुक्त मानिन्छ । अन्दाजको भरमा पनि चिन्ह लगाउन सकिने भएकाले विद्यार्थीको स्मरण क्षमतालाई पत्ता लगाउन सक्दैन ।

परिक्षणीय दृष्टिले त्यति विश्वसनिय र उपयुक्नत नहुने भए पनि प्रायःतल्लो तहमा यस्ता प्रश्न उपयोग गरेको पाइन्छ (शर्मा एण्ड शर्मा, २०६८:८५) ।

### जोडा मिलाउने प्रश्न

यस प्रश्नमा एकातिर विषयवस्तु र अर्कोतिर त्यसैसँग सम्वन्धित उत्तरहरू अघिपछि गरेर राखिएको हुन्छ । जसलाई धर्का तानेर मिलाउनुपर्ने हुन्छ । दुई भागमा विभाजन गरिएका कुराहरूलाई एक अर्कासँग सम्बन्ध देखाउने कार्य गरिन्छ । कारण, परिणाम, बस्तु स्थान र समस्या र समाधान, चित्र र पहिचान चिन्ह र नाम कारण र असर देखाउनुपर्दा वा परिक्षण गर्नु पर्दा जोडा मिलाऊ  प्रश्न उपयुक्त भनिन्छ । यस्तो प्रश्नको उत्तर चिनाउन धर्का तानेर परिक्षण गर्नमा प्रयोग गरिने यस्ता प्रश्नलाई तल्लो तहका कक्षाहरूमा बढी प्रयोग गर्ने गरिएको पाइन्छ ।

### बहुवैकल्पिक प्रश्न

यस प्रश्नमा प्रश्न दिएर उत्तरहरूको विकल्प राखिन्छ र उपयुक्त उत्तर छनोट गर्नुपर्ने हुन्छ । प्रत्येक प्रश्न बरावर १ अङ्कका दरले अङ्कभार राखिन्छ प्रश्नहरू पाठयवस्तुक भित्रबाटै दिइन्छ । यस्ता प्रश्नहरू निर्माण गर्न कठिन हुन्छ । विद्यार्थीहरूलाई पनि सबै उत्तरहरू उस्तै हुने भएकाले उपयुक्त उत्तर छनोट गर्न कठिनाई हुन्छ । त्यसैले बहुवैकल्पिक प्रश्नको निर्माण गर्दा विद्यार्थीको स्तर, तह, कक्षा देखेर उत्तरको सुराक हुने किसिमले प्रश्न निर्माण गर्नुपर्छ । उत्तरको विकल्पहरू राख्दा उस्तै-उस्तै उत्तर राख्नुपर्छ र एकओटा मात्र सही उत्तर राख्नुपर्ने हुन्छ । यसबाट विद्यार्थीको ज्ञानको गहिराई थाहा पाउन सहयोग गर्दछ ।

# अध्याय-तीन

# अध्ययनको प्रक्रिया/विधि

## अध्ययनको संरचना

प्रस्तुत शोधका प्रश्नपत्रको अध्ययनमा आधारित रहेको छ । प्रश्नपत्रलाई अध्ययन गर्ने विषयवस्तुलाई मुख्य रूपमा आधार वा संरचनाको रूपमा लिइएको छ । प्रश्नपत्र निर्माणमा धेरै आधारहरू प्रयोग भए पनि अङ्क सन्तुलन, पाठ्यभार, विशिष्टकरण तालिकाको उचित प्रयोग र प्रश्नपत्रको आन्तरिक र बाह्य गुण वा विशेषतालाई मुख्य संरचनाको रूपमा मानि अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा उदयपुर जिल्लाको श्री शिव माध्यमिक विद्यालयमा २०६९ सालको कक्षा ६ को बार्षिक परीक्षामा नेपाली विषयमा प्रयोग गरिएको स्वरूपगत बर्णन गरिएको छ ।

यस अनुसन्धान मूलतःपुस्तकालयीय विधिमा आधारित रहेको छ । यस क्रममा विशिष्टकरण तालिका, पूर्व शोधपत्रहरू पुस्तक, प्रश्नपत्र आदि सामाग्रीको रूपमा सङ्कलन गरी वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## जनसङ्ख्या र नमूना

जनसंख्या र नमूना भन्नाले शोध कार्य गर्दा कुन-कुन क्षेत्रलाई मुख्य आधार बनाइएको छ अथवा के-के बारेमा अध्ययन विश्लेषण गरिएको हो भन्ने कुरालाई जनाउँछ । प्रस्तुत शोधकार्यका लागि उदयपुर, जिल्लाको श्री शिव माध्यमिक विद्यालय क्षेत्रको रूपमा लिइएको छ । संयुक्त परीक्षा समितिबाट तयार २०७९ सालको बार्षिक परिक्षामा प्रयोग गरिएको कक्षा ६ को एक  सेट प्रश्नपत्रलाई नमूना र जनसङ्ख्याको रूपमा छनोट गरिएको छ ।

## तथ्याङ्क सङ्कलनका साधन

कुनै कार्य सञ्चालन गर्नुपूर्व ती कार्यमा के-के आवश्यक पर्दछ, त्यसलाई साधनका रूपमा लिइन्छ । जसले ती काम पूर्ण गर्न सहयोग पुऱ्याउँछ । त्यस्तै शोधकार्य पूरा गर्नका लागि पनि विशिष्ट सामग्री साधनहरूको आवश्यक पर्दछ ती सबै एकै किसिमका र एउटै ठाउँबाट उपलब्ध हुन सक्दैनन् । विभिन्न क्षेत्रमा पुगेर सङ्कलन गर्नुपर्दछ । जुन विषय वा शीर्षकमा शोधपत्र तयार गरिदैछ  । त्यसैसँग सम्वन्धित सामग्री शोधकार्य सबै नै सङ्कलन

गरिसक्नुपर्छ । शोधपत्र प्रस्तावसँग सम्वन्धित क्षेत्रमा पुगेर प्रत्यक्ष रूपमा अर्न्तवार्ता, अनुभव, छलफल, पाठ्यपुस्तक, विभन्नि ग्रन्थहरू, सम्वन्धित निकायका व्यक्ति, शिक्षकहरू, शोध प्रतिवेदनहरू, प्रश्न निर्माणकर्ता विषय शिक्षकबाट प्राप्त तथ्याङ्क सल्लाह सुझावहरू आदिलाई सङ्कलनका साधनका रूपमा लिन सकिन्छ ।

तथ्याङ्क सङ्कलनका साधनहरू प्राथमिक र द्वितीय स्रोत गरी २ किसिमका हुन्छन् । प्राथमिक स्रोत भन्नाले सुझावबाट प्राप्त तथ्याङ्कलाई बुझाउँछ भने द्वितीय श्रोत भन्नाले एक पटक प्रयोग भइसकेको र त्यसलाई पुनः प्रयोगमा ल्याउने साधनलाई द्वितीय स्रोत भनिन्छ ।

यस शोधपत्रको लागि प्राथमिक स्रोतको क्रममा प्रश्नपत्र, अन्तवार्ता, छलफल, परिक्षण प्रश्नपत्र  निर्माणकर्ता विषय शिक्षकको सल्लाह सुझावलाई लिइएको छ भने द्वितीय स्रोतको रूपमा पूर्व शोधपत्रहरू, पाठ्यपुस्तक, विशिष्टीकरण तालिकालाई साधनको रूपमा लिइएको छ ।

तथ्याङ्क सङ्कलनको अर्को महत्वपूर्ण साधन वा प्रक्रियाको रूपमा विधिलाई लिइन्छ । विधिले शोधकार्य कसरी पूरा गर्ने प्रक्रिया वा  तरिकाबारे जानकारी दिइन्छ । यस शोधकार्यमा विभिन्न पाठ्यपुस्तक, प्रश्नपत्र, पूर्व परिक्षण शोधपत्रहरू अध्ययन गरी सैद्धान्तिक रूपमा नियममा आधारित भई अध्ययन गरिने भएकाले निगमन विधिको साथै पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ । त्यस्तै तथ्याङ्क अध्ययन, विश्लेषण, विशिष्टिकरण  तालिकाको अध्ययन, शिक्षक, अग्रजहरूको सल्लाह, सुझाव अनुसार तथ्याङ्क विश्लेषण गरिने विद्यालयमा नै पुगेर प्रश्नपत्रको बारेमा अर्न्तवार्ता लिई अध्ययन गरिएकोले वर्णनात्मक विधिको साथै व्यवहारिक प्रक्रियाको आधारमा यो शोधकार्य पूरा गरिएको छ ।

## अध्ययन-चार

## नतिजा परिणाम र छलफल

### नतिजा/परिणाम/व्यवस्था, विश्लेषण

नतिजा/परिणाम शोध प्रतिवेदनको एउटा महत्वपूर्ण अङ्ग हो । यस चरणमा शोध प्रस्तावका लागि प्रयोग गर्नका लागि सङ्कलन गरिएका साधनहरू के-के हुन् र त्यसको ब्याख्या विश्लेषण गर्ने कार्य गरिएको जसले गर्दा शोधपत्रमा के-के अध्ययन विश्लेषण गरियो सो कुराको जानकारी हुने भएकाले शोधपत्रको मुख्य चरणको रूपमा मानिन्छ । नतिजा परिणाम छलफल निम्नानुसार ब्याख्या विश्लेषण गरिएको छ ।

### अङ्क विभाजन र समय निर्धारण

कुनै पनि प्रश्नपत्रमा अङ्क र समयको सन्तुलन नमिले प्रश्नले वैधता प्राप्त गर्न सक्दैन । प्रश्नपत्रको प्रकृति कठिनाई, स्तर, आकार आदि कुराका आधारमा अङ्क र समय निर्धारण गर्नुपर्ने हुन्छ । विवेचनात्मक र सिर्जनात्मक खालका उत्तरका लागि बढी समय खर्चिनुपर्ने भएकाले प्रश्नका लागि बढी अङ्क राख्नुपर्ने हुन्छ । यस अध्ययनमा उपयोग गरिएका प्रतिनिधि प्रश्नपत्रहरू समय निर्देशन गरिएको पूर्णाङ्कको अनुपातलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १**

**अङ्क विभाजन र समय निर्धारण तालिका**

| पूर्णाङ्क | समय | अनुपात |
|---|---|---|
| ५० | २ घण्टा | २:७ मिनेट |

माथिको तालिका अनुसार ४७ ओटा प्रश्नलाई ५० अङ्कको पूर्णाङ्क राखी २ घण्टा अथवा १२० मिनेट राखी प्रत्येक प्रश्नको लागि २.७ दरले १ अङ्क भएको प्रश्नको लागि २.७ मिनेट खर्चिनु पर्ने व्यवस्था गरिएको छ ।

## तालिका नं २

## प्रश्न सङ्ख्या, अङ्कभार समय निर्धारण तालिका

| प्रश्न नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | २ | २ | २ | १ | २ | २ | २ | ३ | ३ | ४ | ४ | ३ | ३ | ४ | ३ | ५ | ५ |

माथि उल्लिखित  तालिका विश्लेषण गर्दा अङ्क र समयको विश्लेषण भएको छ । यहाँ २ अङ्क प्राप्त गर्न ५ मिनेट ४ सेकेण्ड त्यस्तै ३ अङ्क  प्राप्त गर्न ८ मिनेट १ सेकेण्ड र ५ अङ्क प्राप्त गर्न १३ मिनेट ५ सेकेण्ड खर्चिनुपर्ने देखिन्छ । यसरी प्रश्नको अङ्कभार अनुसार समय पनि क्रमश बढाउँदै राखिएकोले प्रश्नको रखाई, अङ्कभार र समय निर्धारण सन्तुलित नै रहेको देखिन्छ ।

**अङ्कभार अनुसार प्रश्नपत्रको विश्लेषण**

प्रश्नको पकृति अनुसार अङ्कविभाजन गर्नु वा प्रश्नबाट आउने उत्तर अनुसार अङ्क राख्नु नै अङ्कभार  हो । अङ्कभार प्रश्नपत्र निर्माणको महत्वपूर्ण पक्ष हो । प्रश्न निर्माणको मुख्य आधार विशिष्टिकरण तालिका हो । जसमा कुन विधाबाट कतिओटा प्रश्न सोध्ने र ती प्रश्नमा कति अङ्क प्रदान गर्ने भनि निर्धारण गरिएको हुन्छ । हाम्रो शिक्षा नीतिमा अङ्कबाट नै विद्यार्थीहरूको ज्ञान, सिप, क्षमता जाँच्ने प्रकृति हुने भएकाले प्रश्नपत्र निर्माण गर्दा अङ्कभार सन्तुलनमा विशेष ध्यान पुऱ्याउनुपर्दछ । विषय विशेषज्ञहरू प्रश्न निर्माण गर्दा अङ्क सम्वन्धी खासै समस्या नदेखिए पनि विद्यालय स्तरमा प्रश्न निर्माण गर्दा विशिष्टिकरण तालिकाको उचित उपलव्धि नभएको स्थिति समेत देखिन्छ । अङ्कभार प्रश्नपत्र निर्माण महत्वपूर्ण पक्ष हो । प्रश्नको गहिराइ अनुसार अङ्क प्रदान गर्नुपर्दछ । प्रश्न धेरै वा कम लामो वा छोटोको आधारमा अङ्क विभाजन गर्नुभन्दा प्रश्नको गहिराई हेरेर त्यसबाट प्राप्त हुने उपलव्धिअनुसार अङ्कभार निर्धारण गर्न उचित मानिन्छ ।

प्रश्नपत्रको शीर्ष भागमा नै उत्तिर्णाङ्क र पूर्णाङ्क राखिएको हुन्छ र त्यही पूर्णाङ्कलाई आधार मानि  पूर्णाङ्क  दिइएकै अङ्क भित्रबाट सबै प्रश्नमा अङ्क विभाजन गरिएको हुन्छ । यसले प्रश्नको उपयुक्तता निर्धारण गरी हरेक प्रश्नको उत्तर दिए वापत कति अङ्क प्राप्त गर्ने भनि सङ्केत गर्दछ । यसले परीक्षार्थीलाई प्रश्नको मुल्यअनुसार समयको सीमामा बाध्न

सहयोग गर्दछ । हरेक प्रश्नको छुट्टा-छुट्टै अङ्क प्रदान गरिएको हुन्छ । जुन प्रश्नको उत्तर विद्यार्थी कम समय, कम मेहनत र  अन्दाजीको भरमा मिलाउन वा लेख्न सक्छ । त्यस्तो प्रश्नमा कम अङ्क  र थोरै समय खर्च हुने सोच, तर्क, सिर्जनात्मक कुराहरू आउने प्रश्नमा अङ्क बढी राख्नु राम्रो मानिन्छ ।

समय अनुसार पूर्णाङ्क र पूर्णाङ्क अनुसार समय पनि निर्धारण गरिने भएकाले समय, प्रश्नको स्तर र पूर्णाङ्क यी तीन कुरालाई आधार मानि अङ्कभार विभाजन गर्नु पर्दछ । जस्तै, पूर्णाङ्क  ५० हुँदा समय पनि २ घण्टा  रहेको हुन्छ ।यस्तो अवस्थामा लामो उत्तर एउटैमा ५ पूर्णाङ्क अङ्क राखियो भने अन्य प्रश्नमा असर पर्दछ । किनभने ५ अङ्क  प्राप्त गर्नको लागि एउटै प्रश्नमा बढी समय खर्चिनु पर्ने हुन्छ । त्यसैले कि त प्रश्न थोरै राख्ने कि त अङ्क कम राखि  प्रश्न निर्माण गर्ने अनि मात्र प्रश्न र अङ्कमा सन्तुलन राख्न सकिन्छ । यस शोधपत्रको लागि प्रयोग गरिएको प्रश्नहरूमा लामो उत्तर आउने प्रश्नमा पनि कम अङ्क प्रदान गरिएको छ जसले गर्दा अन्य प्रश्न पनि समयमा पूरा गर्न सकियोस् यसरी प्रश्न र अङ्कभारलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ ।

## तालिका नं ३
## अङ्कभारअनुसार प्रश्नपत्रको विश्लेषण

| क.सं. | विधा | प्रश्नको प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | उत्तर दिने | अङ्कभार | अङ्क | प्रकृति |
|---|---|---|---|---|---|---|---|---|
| १ | व्याकरण | शव्दार्थ | 1 | 4 | 4 | 2 | 4×0=5 | अनिवार्य |
| | | शब्दपहिचान | 2 | 4 | 4 | 2 | 4×0=5 | अनिवार्य |
| | | वाक्यमा प्रयोग | 3 | 2 | 2 | 2 | 2×1 | अनिवार्य |
| | | शुद्ध लेखन | 4 | 2 | 2 | 1 | 1×0=5 | अनिवार्य |
| | | शब्दार्थ | 5 | 1 | 1 | 2 | 2×1 | अनिवार्य |
| | | पदवर्ग | 6 | 6 | 6 | 2 | 2×0=33 | अनिवार्य |
| | | धातु | 7 | 4 | 4 | 2 | 4×0=5 | अनिवार्य |
| | | वाक्यपरिवर्तन | 8 | 3 | 3 | 3 | 3×1 | अनिवार्य |
| | | बुद्धा टिपोर्ट | 9 | 3 | 3 | 3 | 3×1 | अनिवार्य |
| | | बोधात्मक | 10 | 4 | 4 | 4 | 4×1 | अनिवार्य |
| | | बुद्धाटिपोर्ट | 11 | 4 | 4 | 4 | 4×1 | अनिवार्य |
| २ | जीवनी | जीवन लेखन | 12 | 2 | 1 | 3 | 3×1 | ऐच्छिक |
| | | वक्तृत्व | | | | | | |
| ३ | कविता | भावविस्तार | 13 | 2 | 1 | 3 | 3×1 | ऐच्छिक |
| | | सक्षिप्त उत्तरात्मक निवन्ध | 14 | 2 | 1 | 4 | 2×2 | ऐच्छिक |
| ४ | कथा | कथा | 15 | 1 | 1 | 3 | 3×1 | अनिवार्य |
| ५ | कविता | लमो उत्तरात्मक | 16 | 2 | 1 | 5 | 5×1 | ऐच्छिक |
| ६ | निवन्ध | निवन्ध लेखन | 17 | 2 | 1 | 5 | 5×1 | ऐच्छिक |
| | **जम्मा** | | | **48** | **43** | **50** | | |

माथि उल्लेखित तालिकाबाट प्रश्नपत्रमा राखिएको प्रश्नहरूको संङ्ख्या, प्रकार र अङ्कभारको विश्लेषण गरिएको छ । उक्त तालिका हेर्दा २६ ओटा व्याकरण खण्डबाट प्रश्न सोधिएको छ भने अङ्कभार १७ राखिएको छ भने बोधात्मक बुँदा टिपोट ३/४ अङ्कका दरले अङ्क विभाजन गरिएको छ । त्यस्तै संक्षिप्त जीवनी, भाव विस्तार प्रश्नमा ३,४,३ र ३ अङ्कका र विवेचनात्मक र निबन्ध लेखन प्रश्नमा ५/५ अङ्कका दरले अङ्कभार राखिएको छ । यसरी हेर्दा प्रश्नको प्रकृति, स्तर हेरी सजिलो प्रश्नमा कम र मध्येम तथा लामो उत्तर आउने प्रश्नमा क्रमः १,२,३,४,५ का दरले बढाउँदै लगिएको छ । जे भएपनि सम्पूर्ण प्रश्नलाई समेटिएर ५० अङ्कमै प्रत्येक प्रश्नलाई समेटी प्रश्न र अङ्कलाई अध्ययन विश्लेषण गर्दा सन्तुलन ले रहेको छ ।

### व्याकरण विधा र अङ्कभार

विशिष्टिकरण तालिका २०७८ मा उल्लेखित भएअनुसार व्यवहारिक सिपको मूल्याङ्कन का लागि व्याकरण विधाबाट कुल पूर्णाङ्क छुट्याएको छ । यस अन्तर्गत शब्दार्थ, शब्दपहिचान, शब्दवर्ग, पदवर्ग, धातु, वाक्यपरिवर्तन जस्ता व्यकरणीक विधाबाट प्रश्न सोधिएको छ । जसका लागि कुल १६ पूर्णाकको निम्न प्रतिशत अङ्कभार वितरण गरी उल्लेख भए अनुसारको प्रश्नहरू सोधिनुपर्ने कुरा विशिष्टिकरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ४**
**व्याकरण विधा र अङ्कभार**

| क्र.सं. | विधा | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | शव्दार्थ | 4 | 4×0=5=2 |
| | शब्दपहिचान | 4 | 4×0=5=2 |
| | वाक्यमा प्रयोग | 2 | 2×1=2 |
| | शुद्ध लेखन | 2 | 1×0=5=1 |
| | शब्दार्थ | 1 | 2×1=2 |
| | पदवर्ग | 6 | 2×0=33=2 |
| | धातु | 4 | 4×0=5=2 |
| | वाक्यपरिवर्तन | 3 | 3×1=3 |
| | | **26** | **16** |

माथि उल्लेख तालिकाको आधारमा हेर्दा जम्मा २६ ओटा प्रश्न रहेको छ। व्याकरण पक्षको प्रत्येक प्रश्नलाई ०.५,१२ र ३ अङ्कका दरले अङ्कभार निर्धारण गरिएको छ । यसरी हेर्दा सम्पूर्ण प्रश्नहरू मध्ये व्याकरण विधालाई जम्मा १६ अङ्कभार दिइएका छन् ।

### सङ्क्षिप्त उत्तरात्मक प्रश्न र अङ्कभार

विषयवस्तुको गहिराइमा पुगेर ज्ञान र तर्कको आधारमा निश्चित रूपमा दिइने उत्तरको प्रश्न नै संक्षिप्त प्रश्न हो । यस प्रश्नपत्रमा जिवनी, कविता, कथा, वक्तृत्व आदि विधाबाट संक्षिप्त प्रश्न निर्माण गरिएको छ । यस प्रश्नपत्रमा जीवनी र वक्तृत्व वैकल्पिक विधाबाट ३ अङ्क कताबाट ५ अङ्क, कथा विधाबाट १ ओटा प्रश्नलाई ३×४ अङ्कले १० अङ्क प्रदान गरिएको छ । कुल प्रश्नको ७ ओटा प्रश्न संक्षिप्त प्रश्नमा रहेको छ । जस मध्ये १० ओटा प्रश्न बैकल्पिकमा रहेको हुनाले ५ ओटा प्रश्नको मात्र उत्तर दिनुपर्ने व्याख्या गरिएको छ । संक्षिप्त प्रश्नका अङ्कभारलाई तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं ५**
**संक्षिप्त प्रश्नको अङ्कभार तालिका**

| क्र.सं. | प्रश्न | विधा | प्रश्न संख्या | उत्तर दिने | अङ्कभार | प्रकृति |
|---|---|---|---|---|---|---|
| १ | 12 | जीवनी | 2 | 1 | 3 | व्यवहारिक |
| | 13 | कविता | 2 | 1 | 3 | भावविस्तार |
| | 14 | कथा | 1 | 1 | 3 | तार्किक |
| | 15 | निवन्ध | 2 | 2 | 4 | |
| | | | **7** | **5** | **13** | |

यसरी संक्षिप्त प्रश्नमा १२,१३,१५,१४ नम्वरको प्रश्नमा जम्मा ७ ओटा प्रश्न उत्तर दिनुपर्ने ५ ओटा जम्मा अङ्कभार १३ रहेको छ ।

**पठनबोध र अङ्कभार**

पढेर बुझ्ने र सोही आधारमा उत्तर लेख्ने विधा पठनवोध हो । यस्ले प्रश्नमा प्रश्नपत्रमा नै पाठको आंशिक भाग दिइएको हुन्छ । यस प्रश्न पत्रमा पठनबोध प्रश्नको अङ्कभार निम्नानुसार तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

**तालिका ६**
**पठनवोध र अङ्कभार तालिका**

| क.सं. | विधा | प्रश्नको प्रकार | प्रश्न संख्या | | अङ्कभार |
|---|---|---|---|---|---|
| ९ | अभिव्यक्ति | बुद्धाटिपोट | 3 | 03 | 3 |
| १० | बोध | बोधात्मक | 4 | 04 | 4 |
| ११ | अभिव्यक्ति | बुद्धाटिपोट | 4 | 04 | 4 |
| | | | | | 11 |
| क.सं. | विधा | प्रश्नको प्रकार | प्रश्न संख्या | | अङ्कभार |
| ९ | अभिव्यक्ति | बुद्धाटिपोट | 3 | 03 | 3 |
| १० | बोध | बोधात्मक | 4 | 04 | 4 |
| ११ | अभिव्यक्ति | बुद्धाटिपोट | 4 | 04 | 4 |
| | | | | | 11 |

माथि उल्लेखित तालिका प्रश्नपत्रमा आंशिक पाठको विषयवस्तु झिकिएको छ । जसमा बोध प्रश्नोत्तर र बुँदाटिपोट ३ किसिमका प्रश्नहरू रहेका छन् । बोध प्रश्नोत्तर ०४ अङ्कका दरले र बुँदाटिपोर्ट ३/४ का अङ्क गरी जम्मा ११ अङ्क पठनबोध विधामा राखेको छ ।

**लामो उत्तर र अङ्कभार**

यस प्रश्नपत्रमा लामो उत्तर आउने प्रश्नहरू निबन्धलेखन कविता विधाबाट राखिएको छ । जसलाई निम्नानुसार तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं ७**

**लामो उत्तर र अङ्कभार तालिका**

| क.सं. | विधा | प्रश्न संख्या | उत्तर दिनुपर्ने | अङ्कभार |
|---|---|---|---|---|
| १ | कविता | 2 | 1 | 5 |
| | निवन्ध | 1 | 1 | 45 |
| | | **3** | **2** | **10** |

यसरी माथि उल्लेखित तालिकालाई हेर्दा लामो उत्तरको लागि कविता र निवन्ध विधाबाट २ ओटा बैकल्पिक प्रश्नमध्ये १ ओटा कविताबाट र निवन्ध विधाबाट ३ ओटा बैकल्पिक प्रश्नबाट ५ ओटा प्रश्नको लामो उत्तरात्मकप्रश्न दिइएको छ जसमध्ये जम्मा १० अङ्कभार लामो उत्तरमा दिइएको छ ।

यसरी सम्पूर्ण प्रश्नको अङ्कभार अध्ययन गर्दा व्याकरण विधाबाट छोटो उत्तरात्मक प्रश्न भएकोले ०.५ र १ अङ्कका दरले संक्षिप्त प्रश्नोत्तरका लागि ३ र ४ अङ्क र लामो उत्तरका लागि ५ अङ्क गरी अङ्कभार निर्धारूण गरिएको छ । यसैगरी कुल अङ्कभारको आधारमा १६ अङ्कभार र संक्षिप्त प्रश्नबाट १३, पठनवोध प्रश्नबाट ११ अङ्कभार र लामो प्रश्नोत्तरबाट १० अङ्कभार राखिएको छ ।

यसरी लामो प्रश्नभन्दा संक्षिप्त छोटो प्रश्नको संख्या बढी भएको कारण अङ्कभार पनि बढी राखिएको छ ।

**आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नपत्रको विश्लेषण**

प्रश्नपत्र विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्ने महत्वपूर्ण आधार हो । एक शैक्षिक सत्र भरिमा शिक्षण सिकाई गरिएको ज्ञान, सिप, परिक्षणको लागि निश्चित समयमा उपलव्धी प्राप्त गर्नको लागि पाठ्यपुस्तकमा भएको सम्पूर्ण विषयवस्तुलाई समेटिएर सीमित प्रश्नपत्रको निर्माण गरिन्छ । प्रश्नपत्र विषयसँग सम्वन्धित विशेषज्ञहरूद्वारा निर्माण गरिने भएकाले अङक, समय, प्रश्न संख्या आदि मिलाई निर्माण गरिन्छ । प्रश्नपत्र निर्माण गर्दा विविध पक्षलाई ध्यान दिइन्छ तीमध्ये प्रश्नपत्रको गुण वा विशेषतालाई आन्तरिक र बाह्य आधारमा मुख्यगरी

बाँडिएको पाइन्छ । यसरी प्रश्नपत्रको आन्तरिक र बाह्य गुणलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

**बाह्य विशेषताका आधारमा प्रश्नपत्रको विश्लेषण**

प्रश्नपत्रको बाह्य आधार भन्नाले प्रश्नपत्रको रूपरेखा आकारलाई बुझाउँछ । बाह्य आधारमा विश्लेषण गर्नु भनेको प्रश्नपत्रको रूपविधा, आकृतिगत, पक्षलाई दर्शाउँछ । प्रश्नजपत्रको बाह्य गुणमा प्रश्नपत्रको स्वरूप, अङ्क, विभाजन, समय निर्धारण, भाषा प्रस्तुती र अनुक्रम आदिलाई केलाउने काम गरिन्छ ।

**प्रश्नपत्रको स्वरूप**

स्वरूप भनेको अनुहार वा आकार प्रकार हो । जसले प्रश्न पत्रको अन्तिम सम्मको आंशिक जानकारी दिने गर्दछ । प्रश्नपत्रको स्वरूप अन्तर्गत शीर्षभाग, आकार, प्रश्नसंख्या, पृष्ठ, कागज, छपाई सम्वन्धि पक्षहरू पर्दछ । हरेक बस्तु प्रति केन्द्रित गराउने पक्ष बाह्य स्वरूपले नै गर्ने भएकाले विद्यार्थीलाई आकर्षित गराउने कार्य प्रश्नपत्रको स्वरूपले गर्दछ । त्यसैले स्वरूपलाई प्रश्नपत्रको बाह्य आधार मानिन्छ । त्यसैले यसको अध्ययन विश्लेषण तर्क उचित देखिन्छ र अध्ययन गर्ने प्रयास गरिएको हो ।

**शीर्ष भाग**

प्रश्नपत्रको शीर्ष भाग सबै भन्दा मुख्य भाग हो । यस भागमा सम्वन्धित संस्थाको नाम, स्पष्ट, शुद्ध र ठुला अक्षरमा लेख्नु उचित मानिन्छ । अध्ययन गरिने प्रश्नपत्रको शीर्ष भाग निम्नानुसार रहेको छ :

चौदण्डीगढी न.पा.संयुक्त परीक्षा समिति, उदयपुर

बार्षिक परीक्षा -२०७९

| | | |
|---|---|---|
| कक्षा : ५ | विषय : नेपाली | पूर्णाङ्क: ५० |
| समय : २:०० घण्टा | | |

यस भागमा संस्थाको नाम, जिल्लाको नाम , विषय, कक्षा, पूर्णाङ्क र समय उल्लेख गरेको पाइन्छ ।

**उपशीर्ष भाग**

शीर्षभाग भन्दा अलिक तल अक्षरको आकार सानो राखेर निर्देशन दिने उपशीर्षक राखिएको हुन्छ । यसले प्रश्नका लागि लिखित निर्देशन दिने कार्य गर्दछ । यस खण्डमा निवन्ध भाग पर्दछ ।

क) समय ख) कक्षा ग) समय घ) पूर्णाङ्क ङ) उत्तिर्णाङ्क

प्रस्तुत अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूको उपशीर्ष भागको प्रस्तुतीकरलाई तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं ८**
**उप शीर्ष भागमा एकाइ तालिका**

| विषय | कक्षा | समय | पूर्णाङ्क |
|---|---|---|---|
| नेपाली | ६ | २:०० घण्टा | ५० |

माथि उल्लेखित तालिका हेर्दा नेपाली विषयको प्रश्नपत्र कक्षा ६ (छ) को लागि तयार गरिएको देखिन्छ । परीक्षा  समयको लागि २ घण्टा समय निर्धारण गरिएको छ भने पूर्णाङ्क ५० रहेको छ ।

**आकार**

प्रश्नपत्र लामो, मध्यम, छोटो खालको बनाउने कुरा नै आकार हो । प्रश्नपत्र यस्तै हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यता नभए पनि भद्दा किसिमको हुनु राम्रो मानिदैन । प्रश्नको प्रकृति, परीक्षण, उद्देश्य, समय, प्रश्न संख्याको आकार, पृष्ठसंख्या, प्रश्नपत्रको लम्वाई, चौडाई, आदिले महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले लम्वाई इन्च र सेमि.मा लेख्ने आकारप्रकार रङ्ग, रूप, उल्लेख गर्ने/अक्षर आकार  मध्यम स्तरीय हुनु राम्रो मानिन्छ । यस दृष्टिले हेर्दा अध्ययन गरिएको प्रश्नपत्र उपयुक्त नै मानिन्छ ।

**प्रश्न सङ्ख्या**

प्रश्नपत्र प्रश्न सङ्ख्याले पनि महत्वपूर्ण भूमिका खेल्दछ । यदि परीक्षा समय थोरै  र प्रश्न सङ्ख्या धेरै भएमा सबै प्रश्नको उत्तर लेख्न नसक्ने हुन्छ । यस्तो अवस्थामा उपयुक्त प्रश्नपत्र भए पनि प्रश्न सङ्ख्या  धेरै भएमा सोचे जस्तो नतिजा ल्याउन सकिदैन र परीक्षा

प्रभावकारी नहुनुको साथै उपलव्धिमूलक हुदैन । अध्ययन गरिएको प्रश्नपत्रमा हेर्दा जम्मा १७ ओटा प्रश्नहरू रहेका छन् । जसमध्ये ११ ओटा अनिवार्य प्रकृतिका छन् भने ६ ओटा ऐच्छिक/वैकल्पिक प्रकृतिको प्रश्न रहेको छ ।

**प्रश्न पृष्ठ**

स्वरूपको दृष्टिले एउटै प्रश्नपत्रलाई दुई ओटा पृष्ठमा राख्नु मानिदैन तर उपप्रश्नहरू कहिले काहि राख्नुपर्ने अवस्था पनि हुन्छ । यसले विद्यार्थीहरू झुक्किने सम्भावना रहन्छ । प्रश्नपत्रको स्वरूप पनि विग्रिन्छ एउटा पश्नको निर्देशन अर्को पृष्ठमा भयो भने परीक्षार्थी अलमलमा पर्न सक्छ । यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रमा ४ ओटा पृष्ठ रहेको र सङ्केतको रूपमा क्रमशः मात्र उल्लेख गरिएको र पृष्ठ सङ्ख्या उल्लेख गरिएको छैन जसले गर्दा परीक्षार्थीलाई पाना पल्टाउनु पर्ने झन्झट र अलमल स्थिति रहेको छ ।

**कागज**

प्रश्नपत्रको स्वरूपलाई कागजको स्तरले पनि प्रभाव पारेको हुन्छ । सादा, रङ्गीन, जुनसुकै उपयुक्त भएपनि रङ्गीन कागजको प्रयोग गर्दा अक्षर बढी आकर्षक र सुन्दर बनाउन मद्धत गर्ने रङगको प्रयोग गर्नु राम्रो हुन्छ । अध्ययन गरिने प्रश्नपत्र हेर्दा सेतो कागजमा कालो मसिको प्रयोग गरी छपाई गरिएको छ । कागज पनि पातलो रहेको छ । पल्टाउँदा पनि च्यातिन सक्ने सम्भावना देखिन्छ । त्यसैले कागजको स्तर पनि मध्यम खालको रहेको छ ।

**प्रश्नपत्रको निर्देशन**

निर्देशन तयार गर्दा परीक्षाको उद्देश्य उत्तरका आधार र उत्तर दिने तरिका प्रश्नपत्रमै उल्लेखित हुनुपर्दछ । निर्देशनमा सरलता, स्पष्टता, भाषिक शुद्धता र वस्तुगत जस्ता विशेषता हुन आवश्यक हुन्छ ।  निर्देशन, अस्पष्ट, अशुद्ध, जटिल भयो भने प्रश्न एवं परीक्षणीय उद्देश्यहरू नै कार्यविहिन हुन्छ ।, यसका साथै प्रश्न सङ्केत निर्देशन चिन्ह, पृष्ठ निर्देश्न, विकल्प निर्देश्न आदिले प्रश्नलाई स्पष्ट आकर्षक र उद्देश्यमूलक बनाउन भूमिका खेल्दछ । तसर्थ प्रश्नपत्रमा निर्देशन आवश्यक रहेको देखिन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको स्थिति निम्न देखिन्छ ।

### शीर्षक निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा रहेको समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । समय, सीमा र प्रश्नको प्रकृति अनुसार निर्देशन सरल र बस्तुनिष्ठ तरिकाले गरिनुपर्दछ ।

### प्रथम निर्देशन

प्रत्येक प्रश्नको निर्देशनले प्रश्नको आशय उद्देश्य प्रक्रिया तथा सीमाहरू निर्धारूण गरेको हुन्छन् । प्रश्नलाई स्पष्ट, उद्देश्यपूर्ण, बैद्य, सरल एवं प्रभावकारी बनाउन प्रश्न निर्देशन सहायक हुन्छ । निर्देशन विनाको प्रश्न अस्पष्ट, अन्योलपूर्ण, अपूर्ण, जटिल र अवैध हुन्छ । यसैगरी कुन प्रश्नको उत्तर कति लामो वा छोटो लेख्ने, उपप्रश्न भए ती मध्ये कति ओटाको उत्तरू दिने भन्ने कुरा प्रश्न निर्देशनले स्पष्ट पार्नु पर्दछ । यस आधारमा हेर्दा सङ्कलन गरिएको प्रश्नपत्रको स्थिति सन्तोषजनक नै देखिन्छ ।

### विकल्प निर्देशन

भाषाको प्रश्न निर्माण गर्दा विकल्प छनोट गर्ने व्यवस्था राम्रो मानिदैन तर विद्यार्थीहरूलाई सरल होस्भ न्ने हेतुले विकल्प सहित प्रश्नहरू बनाउने प्रचलन रहेको छ । विकल्प निर्देशनलाई स्पष्ट पार्न वा अथवा भर्न रोज्ने स्थिति सिर्जना हुँदा पहिलो प्रश्नको अन्त्यपछि दोश्रो पङ्क्ति स्प्ष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने अवस्था मिलाउनु पर्दछ । अर्को थरिका विकल्पका अङ्क वा अक्षरमा दिने प्रचलन पनि देखिएको पाइन्छ । जस्तै ३ वटा प्रश्न हुँदा कुनै एक प्रश्नको जवाफ दिनुपर्ने हुन्छ । यस्तो अवस्थामा एकरूपता हुनुपर्दछ । उक्त आधारमा हेर्दा प्रश्नपत्रमा निम्नानुसार व्यवस्था पाइन्छ । : जस्तै : १२ मा अथवा भनि विकल्प निर्देश्न दिइएको छ भने १३, १४,१६ र १७ नं मा सङ्ख्याको आधारमा विकल्प निर्देशन रहेको पाइन्छ ।

### पृष्ठ निर्देशन

पृष्ठ भन्नाले पानालाई बुझाउछ । भाषा विषयका प्रश्नहरू केही लामा हुने भएकाले एउटै पृष्ठमा नअटाउन सक्छ त्यसैले एक भन्दा बढी पृष्ठको प्रयोग गर्नपर्ने हुन्छ । अर्को पृष्ठमा पछि छ भनि जानकारी दिन र प्रश्नको समाप्ति भएको जानकारी दिन पृष्ठ निर्देशनको आवश्यक हुन्छ । प्रश्नपत्रमा कुनै पाना छुट भएको, प्रश्नको केही भाग अर्को पृष्ठमा भएको

कुरा जानकारी दिन समेत पृष्ठ निर्देशन महत्वपूर्ण मानिन्छ। यसबाट परीक्षार्थी र परीक्षक दुबै भुक्किने सम्भावानबाट मुक्त हुन्छ। पृष्ठ निर्देशनको जानकारी दिन पृष्ठको अन्तिम भागमा क्रमशः १,२,५ दिने प्रचलन रहेकोछ ।

यसरी हेर्दा अनुसन्धान गर्न प्रयोग गरिएको प्रश्नपत्रको अन्तिम भागमा क्रमशः मात्र राखिएको छ। यसो गर्दा सबै पृष्ठमा क्रमश लेख्न कुन कताको भन्ने सम्भावना हुन्छ। त्यसैले पृष्ठ निर्देशनमा बेवास्था गरेको देखिन्छ । यसबाट विद्यार्थी तथा परिक्षकलाई अन्योल एवं शंङ्खाको स्थिति उत्पन्न हुन्छ।

## अङ्क निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क तथा उतीर्णाङ्क अङ्क निर्देशन गर्नु आवश्यक हुब्न्छ। जसले गर्दा विद्यार्थीहरूलाई पनि कति अङ्क ल्याउन सके पास हुने र फेल हुने भन्ने जानकारी हुन्छ । यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रको पूर्णाङ्क तथा समयलाई तालिका नं ४ मा नै उल्लेख गरिसकेको छ। सोही पूर्णाङ्कलाई आधार बनाई प्रश्नहरूको अङ्क निर्देशन गरिन्छ। यसले प्रश्नको उपयुक्तता र औचित्यलाई ध्यान दिई हरेक प्रश्नको उत्तर दिए वापत कति अङ्क प्राप्त गर्ने सङकेत गर्दछ। यसले परीक्षार्थीलाई प्रश्न अनुसार समयको सीमामा बाध्न सहयोग गर्दछ। उक्त आधारमा प्रश्नपत्रको निर्देशन निम्नानुसार छ :

**तालिका नं ९**
**अङ्क निर्देशन तालिका**

| प्रश्न नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | २ | २ | २ | १ | २ | २ | २ | ३ | ३ | ४ | ४ | ३ | ३ | ४ | ३ | ५ | ५ |

## प्रस्तुति र अनुक्रम

परीक्षणका लागि तयार गरिएका प्रश्नहरूको रखाई नै प्रस्तुति अनुक्रम हो। व्याकरण परीक्षणको लागि शब्दार्थ, पहिचान, वाक्यमा प्रयोग, शुद्धिकरण, शब्दवर्ग, पदवर्ग, धातु, वाक्य परिवर्तन रहेकोछ भने पाठ्यबस्तु ज्ञान, सिपको परीक्षणको लागिा बुँदाटिपोट, बोध, जीवनी, वक्तृत्व, कथा, कविता, भाव विस्तार, संक्षिप्त तथा विवेचनात्मक निवन्ध लेखन आदि प्रश्नको रखाई सरलबाट जटिल तिरका क्रममा राख्न आवश्यक छ।

प्रतिनिधि प्रश्नपत्रमा पनि प्रश्नको अनुक्रम सरल देखि जटिल क्रममा सन्तुलन रूपमा नै राखिएको देखिन्छ। प्रश्नपत्रको अनुक्रमलाई निम्न ताालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं १०**
**प्रश्न र अनुक्रम तालिका**

| प्रश्नको प्रकार | प्रश्न संख्या |
|---|---|
| शव्दार्थ | 4 |
| श्ब्दपहिचान | 4 |
| वाक्यमा प्रयोग | 2 |
| शुद्ध लेखन | 2 |
| शब्दवर्ग | 1 |
| पदवर्ग | 6 |
| धातु | 4 |
| वाक्यपरिवर्तन | 3 |
| बुँदा टिपोट | 3 |
| जीवनी लेखन | 3 |
| भाव विस्तार | 4 |
| संक्षिप्त निवन्ध | 4 |
| क्था | 2 |
| कविता (लामो प्रश्न) | 2 |
| निवन्ध (लामो प्रश्न) | 2 |

प्रस्तुत तालिकामा प्रश्नपत्रमा आधारित प्रश्न अनुसार अनुक्रम सरल देखि जटिल क्रममा राखिएको छ। त्यसैले अनुक्रमको आधारमा प्रश्नपत्र ठिकै देखिन्छ।

**भाषा**

नेपाली विषयको शिक्षण सिकाई नै भाषा सिकाइ हो । भाषाले कुनै पनि भनाइलाई प्रकाश पार्ने कार्य गर्दछ। भाषामा प्रयोग हरेक शब्दको अर्थ बोकेको हुन्छ। त्यसैले कुनै एउटा शब्द गल्ति भएमा भाषाको अर्थ अनर्थ हुने गर्दछ। प्रश्नपत्रमा भाषा अत्यन्त महत्वपूर्ण छ।

यदि भाषामा एउटा मात्र अक्षर छुट्यो वा बढी भयो भने अर्थ अर्कै हुन्छ र त्यसको सही उत्तर आउँदैन तसर्थ प्रश्नपत्रमा वर्ण विन्यास, पदयोग र पदवियोग जस्ता थुप्रै त्रुटिहरू रहेको देखिन्छ। जसलाई निम्नानुसार चर्चा गरिएको छ :

### वर्णविन्यासगत त्रुटि

वर्णविन्यास सम्वन्धि त्रुटि भन्नाले शब्दको अक्षर हिज्जे, वर्णगतत्रुटिलाई बुझिन्छ। यस प्रश्नपत्रमा रहेको त्रुटिहरू निम्नानुसार छन् :

| त्रुटि | हुनुपर्ने |
|---|---|
| मदेश | मधेश |
| अहिल्यै | अहिले |
| सखभोग | सुखभोग |

### आन्तरिक आधारमा प्रश्नको विश्लेषण

प्रश्नपत्रको निर्माणमा पाठ्यक्रम र विशिष्टिकरण तालिकाको महत्वपूर्ण भूमिका हुन्छ। आन्तरिक वैद्यताले नै प्रश्नपत्रको बास्तविक स्वरूपलाई निर्धारण गर्दछ। कतिपय अवस्थामा बाध्य स्वरूपले पनि आन्तरिक स्वरूपलाई प्रभावित गर्ने गर्दछ तर बाह्य बैधतालाई प्रश्नपत्रको आन्तरिक बनावटले परिक्षणको दिशा निर्धारण  गरी सीमाङ्कन र मूल्याङ्कनको उद्देश्य प्राप्त गराउन समेत मार्ग निर्देशित गर्दछ। त्यसकारण कुनै पनि प्रश्नको उद्देश्यपरकता , प्रभावकारीता, स्तरयुक्तता, प्रक्रियागत तथा विषयगत उपयुक्तताको मापन प्रश्नको आन्तरिक बनावटमा भर पर्दछ (पौडेल र शर्मा २०६०:३६)।

### पाठ्यक्रमको अनुरूपता

पाठ्यक्रमको अनुरूप्ताका आधारमा विषयवस्तुको उद्देश्य र प्रश्न, विषयवस्तुको सीमा, धिाको अङ्कभार, भाषिक सिप आदिलाई ख्याल गरी प्रश्नपत्र निर्माण गर्नुपर्दछ। यहाँ ती आधारहरू लाई नै अवलम्वन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ :

### भाषिक सिपगत आधारमा प्रश्नपत्रको विश्लेषण

भाषा शिक्षण भनेको भाषाबारे शिक्षण नभइ भाषिक सिपको शिक्षण हो। भाषामा सुनाइ, बोलाई, पढाई, लेखाई यी चारओटै सिपमा दक्षता हासिल गर्नु नै भाषा शिक्षण हो।

परीक्षार्थीको भाषिक क्षमता तथा स्तर र मापन गर्ने प्रकृतिका प्रश्नहरू समावेश गर्न सकेमा मात्र नेपाली विषयको निर्दिष्ट उद्देश्य हासिल हुन्छ । प्रश्नपत्रमा भाषिक सिपहरूको उपयुक्त समायोजन गरेमा मात्र प्रश्नपत्र वैध हुन्छन् । यी चारओटै सिपका आधारमा प्रश्नपत्रलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

**सुनाइ र बोलाई सिप**

भाषिक विकासको प्रथम चरण नै सुनाई सिप हो । सुनाई विना बोलाई, पढाइ र लेखाइ सिपको विकास गर्न सकिदैन । सुनाइ सिपमा कमजोर भएमा अन्य सिपमा सिकारू स्वतः कमजोर हुन्छ । शिक्षण गरिसके पश्चात प्रश्नोत्तर शिक्षण गरिसके पश्चात प्रश्नोत्तर विधिबाट सुनाई सिपको परीक्षण गर्न सकिन्छ । उच्चारण परीक्षणले पनि सुनाई सिपको विकासमा सहयोग गर्दछ । किनभने व्यक्तिले जस्तो उच्चारण गरिन्छ । त्यस्तै सुनिन्छ । त्यसैले सुनाई सिप विकासमा उच्चारण पक्षको विशेष महत्व रहन्छ । तर पाठ्यक्रममा सुनाई सिपको विकासलाई हुन सकेको देखिदैन । परीक्षण गर्दा पनि सुनाई सिपको विकासको लागि प्रश्न निर्माण खासै नरहेको देखिन्छ । साथै प्रयोगात्मक रूपमा पनि नेपाली विषयको परीक्षा संचालन भएको पाइदैन । त्यसैले भाषा विषयको प्रश्न निर्माण कार्यमा बेवास्ता देखिन्छ ।

बोलाई सुनाइपछि प्राप्त हुने महत्वपूर्ण सिप हो । सुनाईपछि सबैभन्दा बढी समय बोलाई सिपमा खर्च हुने गर्दछ । सुनाइपछि सबै भन्दा बढी समय बोलाइ सिपमा खर्च हुने गर्दछ किनभने हरेक अक्षर वा शब्दको उच्चारण फरक-फरक हुने गर्दछ । कतिपय बालवालिका वा शिक्षकहरू पनि शारिरिक अवस्था कमजोर वा उच्चारण क्षमता कमजोर भएका कारण सही बोल्दा पनि उच्चारणमा त्रुटि हुने गर्दछ जसले गर्दा प्रश्न स्पष्ट र राम्रो भए पनि सिकाइमा भएको गल्ति उच्चारणका कारण उत्तर पनि गल्ति नै लेख्ने गर्दछ । जसले गर्दा नतिजामा पनि कमि आउने देखिन्छ ।

**पढाइ र लेखाइ सिप**

भाषाको चार सिपमध्ये पढाई पनि तेस्रो महत्वपूर्ण सिप हो । लिखित सामग्रीको वाचन गर्दा गति, यति, लय, आरोह, अवरोह, आघात, बलाघात, हाउभाउ आदिको विशेष र स्तरीय अभ्यासको लागि वाचन वा पढाईको आवश्यकता पर्दछ । यस शोध प्रस्तावमा प्रयोग

गरिएको प्रश्नपत्र, पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित हुने भएकाले कक्षा ६ मा कथा, कविता र जीवनी जस्ता क्षेत्रबाट बोध गर्न सकिने कुरा उल्लेखित रहेको छ । त्यसैले पढाई सीप बोध गर्न सकिने कुरा उल्लेखित रहेको छ । त्यसैले पढाई सिप वोध क्षेत्रबाट प्रश्न नं १५ मा कथा विद्यालयबाट ३ अङ्कभारको १ ओटा ३ अङ्कको प्रश्न समावेश गरिएको छ । यसलाई निम्न तालिकामा देखाउन सकिन्छ :

**तालिका नं ११**
**पढाई सिप र प्रश्न तालिका**

| प्रश्न क्षेत्र | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|
| बुँद्धाटिपोट | 3 | 3 |
| बोध | 4 | 4 |
| बुँदाटिपोट | 4 | 4 |
| | 11 | 11 |

माथिका तालिकामा उल्लेख बुँदाटिपोट प्रश्नबाट ३ अङ्क, बोध प्रश्नबाट प्रश्नोत्तर र अनुच्छेदबाट बुँद्धाटिपोटको लागि ४ अङ्कको ४ ओटा प्रश्न समावेश गरिएको छ । यी प्रश्नका लागि विशिष्टीकरण तालिकाको उचित प्रयोग गरिएको छ ।

भाषाको अर्को महत्व पूर्ण सिप लेखाइ सिप हो । लेखाइ सिप दीर्घकालिन र चीरस्थायी हुने भएकाले अन्य सिप मध्ये लेखर सिपको सर्वोपरी स्थान छ । मानिसहरूको भाव विचार आदानप्रदान गर्ने भरपर्दो र विश्वासिलो माध्यमका रूपमा लेखाइ सिपलाई मानिन्छ । साथै मानिसहरूको गहलिा ज्ञान, सिद्धान्त नियम, भाव विचार, शब्दको रूपमा सञ्चय गरेर अन्नतकाल सम्म सुरक्षित राख्ने माध्यम लेखाइ हो । हाल सिकाइको ज्ञान, सिप, क्षमताको परीक्षण लिखित माध्यमबाटै लिने गरिन्छ । त्यसमा पनि एक किसिमको लेखाइ लिखित सामग्रीबाट पढेर बोध गरेर लेखिन्छ भने अर्को लेखाइ आफ्नो मानभित्रका भावहरू तार्किक कुराहरू, सिर्जनात्मक रचनाहरू लिखित माध्यमबाट व्यक्त गरिन्छ । यसरी पठनवोध क्षेत्रबाट कथा कविता निवन्ध जीवनी व्याकणिक नियम आदि विद्याबाट प्रश्न सोधिएको छ र अङ्कभार पनि राखिएको छ जसलाई निम्नानुसार तालिका द्वारा स्पष्ट पार्न सकिन्छ ।

## तालिका नं १२

## लेखाइ सिप प्रश्न तालिका

| क्र.सं. | विधा | प्रश्नको प्रकार | प्रश्न नं | प्रश्न सं. | दिएको अङ्क | प्रकृति |
|---|---|---|---|---|---|---|
| १ | व्याकरण | शब्दार्थ | 1 | 4 | 2 | अनिवार्य |
| | | शब्द पहिचान | 2 | 4 | 2 | अनिवार्य |
| | | वाक्यमा प्रयोग | 3 | 2 | 2 | अनिवार्य |
| | | शुद्ध लेखन | 4 | 2 | 1 | अनिवार्य |
| | | शब्दवर्ग | 5 | 1 | 2 | अनिवार्य |
| | | पदवर्ग | 6 | 6 | 2 | अनिवार्य |
| | | धातु | 7 | 4 | 2 | अनिवार्य |
| | | वाक्य परिवर्तन | 8 | 3 | 3 | अनिवार्य |
| २ | बोधात्मक | बुँदाटिपोट | 9 | 3 | 3 | अनिवार्य |
| | | बोधात्मक | 10 | 4 | 4 | अनिवार्य |
| | | बुँदाटिपोट | 11 | 4 | 4 | अनिवार्य |
| ३ | जीवन | जीवन लेखन/बक्तृत्व | 12 | 2 | 3 | ऐच्छिक |
| ४ | कविता | भावविस्तार | 13 | 2 | 3 | ऐच्छिक |
| | | संक्षिप्त प्रश्नोत्तर (निवन्ध) | 14 | 2 | 4 | ऐच्छिक |
| ५ | कथा | कथा | 15 | 1 | 3 | अनिवार्य |
| ६ | कविता | लमो उत्तरात्मक | 16 | 2 | 5 | ऐच्छिक |
| | | निवन्ध लेखन | 17 | 1 | 5 | ऐच्छिक |

**पाठ्यपुस्तकका आधारमा**

पाठ्यपुस्तकको उद्देश्य प्राप्तिलाई सहयोग गर्ने साधन पाठ्यपुस्तक हो । पाठ्यपुस्तक शिक्षण क्षेत्रको भरपर्दो र महत्वपूर्ण सामग्री हो । यसलाई शिक्षण एवं विद्यार्थी दुवैले उत्तिकै उपयोग गर्दछ । पाठ्यक्रम विस्तृत र सैद्धान्तिक किसिमको हुने भएकाले मुख्य-मुख्य विषयवस्तु लिएर शोको तह अनुसार सरल, सहज भाषामा पाठ्यपुस्तक समावेश गरी निश्चित ज्ञान, सिप र अभिवृद्धिमा केन्द्रित भई कक्षा ६ को पाठ्यक्रमबाट पाठ्यपुस्तकमा तयार पारिएको छ । विद्यार्थीको उमेर, कमी, क्षमता र मनोवैज्ञानिक पक्षमा विशेष ध्यान दिएर उनीहरूको मूल्याङ्कनको लागि प्रश्नपत्र निर्माण गर्न समेत पाठ्यपुस्तकबाट हुबहु हुनुपर्छ भन्ने होइन तर पनि हाम्रा शिक्षण क्षेत्रमा पाठ्यपुस्तक रहेको विषयवस्तुलाई नै समेटिएर त्यसै अनुसार प्रश्न निमाण गर्ने भएकाले सबै तहका प्रश्नपत्रहरू पाठ्यपुस्तकमा नै आधारित रहेको पाइन्छ । शोध गर्न गरिएको प्रश्नपत्रलाई अध्ययन गर्दा सबै प्रश्नहरू पाठ्यपुस्तकमा नै आधारित भएको देखिन्छ । त्यसैले प्रश्नपत्रको आन्तरिक क्षेत्रमा पाठ्यपुस्तकको महत्त्वपूर्ण स्थान रहने गर्दछ ।

**विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण**

पाठ्यक्रमले तोकिएको उद्देश्यहरू पुरा भए वा भएन भन्ने कुराको लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ मूल्याङ्कन क्रियालाई के योजनाबद्ध तथा प्रभावकारी बनाउने महत्वपूर्ण साधन विशिष्टीकरण तालिका हो । परीक्षामा प्रयोग गरिने प्रपत्र निमाणको मुख्य आधार विशिष्टीकरण तालिका हो । परीक्षा सञ्चालन गर्नु अघि प्रश्नपत्र निमार्ण गर्ने क्रममा कुन-कुन विधाबाट कति ओटा कस्ता सिप परीक्षणको लागि कस्तो किसिमको प्रश्न निर्माण गर्ने प्रश्नको र समयको निर्धारण कति राख्ने आदि सम्पूर्ण कुराको पूर्व तयारी तालिकालाई विशिष्टीकरण तालिका भनिन्छ । भिन्न तहमा भिन्न किसिमको हुने विशिष्टीकरण तालिका सैद्धान्तिक किसिमको हुने गर्दछ । पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश भएको सम्पूर्ण पक्षलाई समेटिएर निश्चित प्रश्न निर्माण गर्न, पश्नपत्रमा स्तरीयता, प्रभावकारीता र गुणस्तरीयता प्रदान गर्न विशिष्टीकरण तालिका अति नै महत्वपूर्ण रहेको देखिन्छ । हचुवाका भरमा प्रश्नपत्र निर्माण गर्दा सम्पूर्ण पक्षलाई समेट्न सकिएको हुँदैन जसले गर्दा परीक्षा प्रणालीलाई गुणस्तरीय र स्तरीयतामा कमि हुने गर्दछ । त्यसैले भाषाका प्रश्नपत्र निर्माण गर्दा भाषाका

चारओटै सिपलाई समेटिएर कुन-कुन विद्याबाट कस्ता प्रकृतिका कुन शिप परीक्षणको लागि, कति ओटा प्रश्न निर्माण गर्ने, प्रत्येक प्रश्नको अङ्कभार समय निर्धारण आदिबारे सम्पूर्ण जानकारी विशिष्टीकरण तालिकाले गर्ने भएकाले यो तालिका परीक्षा प्रणालीको नक्सानकनको रूपमा समेत कार्य गर्ने गर्दछ । त्यसैले विशिष्टीकरण तालिका प्रश्नपत्र निमार्ण गर्नु पूर्व नै तयार गनुपर्ने हुन्छ ।

यो शोधपत्र २०७८ को आधारभूत शिक्षा पाठ्यक्रममा उल्लेखित विशिष्टीकरण तालिकामा आधारित रहेको छ । विशिष्टिकरण तालिकाअनुसार पाठ्यवस्तु क्रमशः १ मा शब्दभण्डार  रहेको छ जसमा शब्दार्थ, शब्द पहिचान, वाक्यमा प्रयोग रहेको छ भने भाषिक शुद्धताका लागि  हिज्जे वर्ण निन्यास र लेख्य चित्र रहेको छ । त्यसैगरी ३ मा व्याकरण पक्षको शब्दवर्ग पदवर्ग, धातु, वाक्य परिवर्तन वाक्य रचना रहेको छ । यसरी ४ मा पाठ्यपुस्तकमा आधारित बोध पक्षमा जोड दिई वोध प्रश्नोत्तर,  बुँदा टिपोट रहेको छ, त्यसैगरी ६ मा निर्देशित रचनामा कथा, जीवनी, चिट्ठी/संवाद लेखन रहेको छ त्यसैगरी ७ र ८ मा बौद्धिक क्षमताको परीक्षणको लागि पाठ्यपुस्तकमै आधारित कविता, कथा, निवन्ध, जीवनी, एकाङ्की, प्रबन्ध आदिबाट प्रश्न निभाण गरिएको छ र ९ मा बोधका साथै स्वतन्त्र ज्ञानको मौलिक क्षमताको परीक्षणको लागि पाठ्यवस्तुबाटै स्वतन्त्र रचनाको रूपमा प्रश्न निमार्णका साथै निबन्ध लेखन प्रश्न पनि राखिएको छ ।

**प्रयोगात्मक कार्यको लागि विशिष्टीकरण तालिका**

प्रयोगात्मक भन्नाले प्राप्त ज्ञानलाई व्यवहारमा ल्याउनु भन्ने बुझिन्छ । नेपाली विषय अध्ययन गर्नु भनेको भाषा सिक्नु हो । भाषा सिकाइ, सुनाइ, बोलाइ, पढाइ, लेखाए यी चार सिपमा आधारित रहेको छ। भाषामा पूर्णता प्राप्त गर्न यी चारवटै सिपमा दक्षता हासिल गर्नु पर्दछ । पढाइ र लेखाइ भाषाको सिद्धान्त र नियमसँग सम्वन्धित छ भन्ने सुनाइ र बोलाई व्यवहार र प्रयोगसंग सम्वन्धित रहेको छ । भाषा सिकाई ज्ञान र सिद्धान्तमा मात्र जोड दिई पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गरी प्रश्नपत्रको आधारमा मूल्यांकन गरेको देखिन्छ  तर यो भाषिक सिप परीक्षणको उल्टो परीक्षण हो । किनभने भाषा बोलेर सिकिन्छ त्यसैले यो भाषिक सिपको मुख्य आधार व्यवहारमा शुद्ध बोल्ने र प्रयोगमा ल्याउनु हो । साथै यसको परीक्षण पनि सोही अनुसार प्रश्नहरू निर्माण गरेर गर्नुपर्दछ । तर हाम्रो शिक्षामा पढाई र लेखाइमा मात्र

सीमित राखिएको देखिन्छ । त्यसैले उच्चारणमा आधारित सुनाई र बोलाई सीपको परीक्षणको लागि प्रयोगात्मक मूल्यांकन गर्न अति आवश्यक मानिन्छ । प्रयोगात्मक मूल्यांकनको लागि पनि छुट्टै विशिष्टीकरण तालिका निर्माण गरिएको छ जुन निम्नानुसार रहेको छ :

**तालिका नं १३**

**प्रयोगात्म कार्यको लागि विशिष्टीकरण तालिका**

| क्र.सं. | सुनाइ र बोलाई | परीक्षणीय पक्ष | अङ्कभार | स्पष्टीकरण |
|---|---|---|---|---|
| १ | सुनाइ | श्रुतिलेखन | ५ | ५० शब्द सम्मको कुनै एक अनुच्छेद (दृष्टांश)को श्रुतिलेखन गराउने |
| २ | बेलाइ | मौखिक वर्णन | ५ | कुनै एक विषयवस्तु चित्र दिई मौखिक वर्णन गर्न वा जाने सुनेको कथा भन्न लगाउने |
| ३ | | सस्वर वाचन | १० | पाठभित्रको ८० शब्द सम्मको गद्याशं (कथा, निवन्ध वा जीवनी) गति मिलाई भाव अनुसार सरवर पठन गर्ने । |
| | | उच्चारण | ५ | पाठ्यमा प्रयुक्त उच्चारणका दृष्टिले समस्यामूलक |
| | | | **२५** | |

माथि उल्लेखित विशिष्टीकरण तालिका पाठ्यक्रमको आधारमा निर्माण भए पनि यसको छुट्टै प्रश्नपत्र निर्माण गरिएको पाइदैन । त्यसैले व्यवहारिक पक्षको मूल्याङ्कन कमजोर रहेको छ ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## निष्कर्ष

प्रश्नपत्रको अध्ययन विश्लेषण पश्चात निकालिएको निचोड निष्कर्ष हो । निष्कर्षले प्रश्नपत्रको कमिकमजोरी पत्ता लगाउनुको साथै आवश्यक सुझाव दिनेगर्दछ । समय, परिस्थिति परिवर्तनशील हुने भएकाले समयअनुसारको शैक्षिक गतिविधि पनि परिवर्तन हुने गर्दछ । त्यसैले मूल्याङ्कन प्रक्रियाको प्रश्नपत्रको निर्माणमा पनि पाठ्यवस्तु प्रश्ननिर्माण प्रक्रिया परिवर्तन गर्नुपर्ने भएकाले यस्तो अवस्थामा प्रश्नपत्रको अध्ययन विश्लेषणले कमजोरी र हटाएर थप गर्नुपर्ने सुझावहरू निष्कर्षमा दिने गरिन्छ । जसले गर्दा प्रश्न निर्माणको कुन पक्षमा कस्तो कमिकमजोरी र अनावश्यक थप कुराहरूबारे जानकारी प्राप्त गर्न सहयोग गर्दछ । प्रश्न निर्माणका क्रममा प्रश्नसङ्ख्या अङ्कभार, समय निर्धारण, प्रश्न रखाइ, ज्ञान, बोध, तह, आदिको शुक्ष्म अध्ययन विश्लेषण गरे पश्चात आएको निर्माण पछिका दिनमा कस्ता प्रश्नहरू निर्माण गर्नु अनावश्यक छ भन्ने सल्लाह सुझाव दिनुका साथै पाठ्यक्रम, पाठ्यपुस्तक आदिलाई समेत सहयोग पुऱ्याउँछ ।

यस शोधपत्रको अध्ययन विश्लेषण गर्दा प्रश्नपत्रमा भएको समस्यालाई उद्देश्य राखि सोही अनुसार विश्लेषणलाई आधार मानेर (१) प्रश्न अनुसार अङ्क निर्धारण, (२) विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण र प्रश्नपत्रको आन्तरिक र बाह्य विशेषताको आधारमा निष्कर्ष निकाल्दा निम्नानुसार रहेको देखिन्छ ।

## अङ्कभारको आधारमा

प्रश्नको प्रकृति अनुसार अङ्कभार राख्नु र प्रश्नबाट आएको उत्तर अनुसार अङ्क प्रदान गर्नु नैं अङ्कभार हो । प्रश्नपत्रहरू निर्माणमा व्याकरण, गम्भिरता, तार्किक बोधात्मक, सृजनात्मक, रचनात्मक आदि विभिन्न किसिमका हुन्छ सोही प्रकृति अनुसार समय र गहिराई तर्क क्षमताको आधारमा आउने उत्तरको आधारमा अङ्क निर्धारण गरिएको हुन्छ । त्यही प्राप्त अङ्कको आधारमा विद्यार्थीको उत्तर, बौद्धिक क्षमता आदि मापन गरिन्छ । त्यसैले प्रश्नपत्र परीक्षणको विद्यार्थी स्तर निर्धारणको मुख्य आधार अङ्कभारलाई मानिन्छ । यसरी यस शोधपत्रमा अध्ययन गरिएको अङ्कभार निर्धारण गर्दा प्रश्नको आउने उत्तर अनुसार नै अङ्क

प्रदान गरिएको छ । व्याकरणिक पक्षको छोटो उत्तर आउने हुँदा प्रत्येक प्रश्नमा ०.५,१,२ र ३ अङ्कका दरले अङ्कभार प्रदान गरिएको छ। साथै पाठ्यपुस्तकमा रहेको कथा, जीवनी, अनुच्छेद लेखन, बुदा रिपोर्ट निबन्ध आदि तकपूर्ण ढङ्गले लेख्ने उत्तर समय पनि बढी लाग्ने भएकाले ३/४ अङ्कका आधारमा अङ्कभार राखिएको छ ।

साथै स्वतन्त्र रूपमा लेखिने उत्तरमा बौद्धिकताका, मौखिक बोध तथा तर्कपूर्ण ढंगले लेख्नु पर्ने भएकाले समय बढी खर्चिने हुनाले अरू भन्दा बढी ५/५० अङ्कभार राखिएको छ । यो आन्तरिक क्षमता र सृजनात्मक क्षमताको मूल्याङ्कन गरिने भएकाले अङ्क पनि बढी राखिएको पाइन्छ । यसरी पूर्णाङ्कको आधारमा सम्पूर्ण प्रश्नको अङ्कभार सन्तुलन नै रहेको देखिन्छ तर १५ नम्बर प्रश्नको उत्तर आउने तरिकाले अङ्क अलि कम भएको देखिन्छ ।

**प्रश्नपत्रको बाह्य आधार**

प्रश्नपत्रको बाह्य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप हो । आकृतिगत वैद्यताका आधारमा विश्लेषण गर्ने कार्य प्रश्नपत्रको बाह्य पक्षमा गरिन्छ । यस अन्तर्गत प्रश्नपत्रको स्वरूप, प्रश्न सङ्ख्या, प्रश्न र पृष्ठ, कागज प्रस्तुति र अनुक्रम, भाषा वर्णविन्यासका आधारहरू पर्दछ । यसले प्रश्नपत्रको विभेदकारिता व्यावहारिकता, विश्वासनीयता जस्ता पक्षमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ । त्यसैले यी बाह्य आधारहरूको अध्ययन विश्लेषणको निष्कर्ष निम्नानुसार रहेको पाइन्छ :

**प्रश्नपत्रका स्वरूप**

प्रश्नपत्रको स्वरूप भन्नाले आकार प्रकारलाई बुझिन्छ । यसले प्रश्नपत्रको आंशिक जानकारी दिने कार्य गर्दछ । यस भित्र शीर्ष भाग, आकार, कागज, छपाइ, पृष्ठ, प्रश्नसङ्ख्या पर्दछ । यस प्रश्नपत्रको शीर्षभागमा कक्षा ६ को आधारमा हेर्दा कभरको आकार सानो र मधुरो रहेको देखिन्छ । त्यसैले शीर्षभागको अक्षर आकारमा ठूलो र चम्किलो रङ्गले लेख्दा विद्यार्थीहरू आकर्षित हुन्थ्ये । त्यसैगरी शिर्ष भागको रखाई उपयुक्त नै रहेको देखिन्छ । प्रश्नसङ्ख्याको आधारमा समय निर्धारण थोरै देखिन्छ तर ५० पूर्णाङ्कको मात्र भएकोले उपयुक्त नै रहेको पाइयो ।

**प्रश्नपत्रको निर्देशन**

यस प्रश्नपत्रको शीर्षभागमा रहेको नीर्देशनमा समय, कक्षा, पूर्णाङ्क, उर्तीणाङ्क उपयुक्त पाइदैन । प्रश्नपत्रमा पूर्णाङ्क राखिसकेपछि उर्तीणाङ्क राख्न पनि जरूरी देखिन्छ । उत्तीर्णाङ्क उल्लेख गर्दा विद्यार्थीहरूलाई आफुले लेखेको उत्तरबाट कति ल्याए पास हुने भन्ने थाहा पाउन सहज हुने हुन्छ । अन्यथा कतिमा पास हुने हो भनि हतोत्सायी हुन सक्ने सम्भावना हुन्छ । उत्तरपुस्तिकामा उर्तीणाङ्क लेख्दा उनीहरूमा आफु पास हुने अङ्क थाहा हुदा टुँट्टै उत्साह मिल्दछ । अतः यस प्रश्नपत्रमा उतीर्णाङ्क उल्लेख नगर्नु कमजोरी रहेको छ ।

प्रश्नको निर्देशन हेर्दा प्रश्न सङ्ख्या र उपसङ्ख्या उत्तम नै रहेको छ । प्रश्नको विकल्प निर्देशन हेर्दा छोटो उत्तर आउने वा प्रश्नउत्तर भनिएका नमूनाहरूमा विकल्प प्रश्न दिइएको छ जस्तै; १२ नंम्वरको  प्रश्नमा वा अथवा भनि भनि प्रश्न छनोट गर्न पाउने अवसर प्रदान गरिरएको छ । यसरी हेर्दा कठिन लाग्ने प्रश्नमा विकल्प निर्देशन दिनु उपयुक्त नै रहेको छ ।

**पृष्ठ र सङ्ख्या**

प्रश्न एउटा मात्र पृष्ठमा नअटिने भएकाले अर्को पृष्ठमा पनि राखिएको हुन्छ । धैरै पृष्ठमा प्रश्न राखिएमा विद्यार्थीहरू कुन पछि कुन भनि अलमलमा पर्न सक्ने सम्भावना हुन्छ । यस अध्ययन गरिएको पशनपत्रमा प्रत्येक पृष्ठमा क्रमश भनि निर्देशन दिएको छ । प्रश्नहरू २ वटा पेजमा भएको हुनाले क्रमश मात्र हेर्दा विद्यार्थी झुक्किने सम्भावना हुन्छ । अझ आधा प्रश्न एउटा पेज पृष्ठमा र आधा अर्कोमा हुँदा प्रश्न छुट्ने सम्भावना हुन्छ जस्तैः प्रश्न नं. ८,११, १४ रहेको छ ।  यस्तो अवस्थामा प्रत्येक पृष्ठमा क्रमशः पश्चात १,२,३,४ अथवा क, ख, ग, घ भनि सङ्केतका रूपम उल्लेख गर्दा यो झुक्किने समस्या नभई सजिलै छुट्याउन सक्दछ ।

**कागज**

प्रश्नपत्रको स्वरूपलाई कागजले स्तरीयता प्रदान गर्दछ । यस प्रश्नपत्रको कागज एकदमै कमजोर मध्यम स्तरको रहेको देखिन्छ यसले गर्दा च्यातिन सक्ने सम्भावना हुन्छ ।

साथै रंग पनि चम्किलो नभई मधुरो रहेको छ । रङ्ग चम्किलो, सेतो कांगज बाक्लो भएमा प्रश्नपत्र आकर्षित पढ्न सजिलो हुन्छ । अझ कागजको रङ्ग विभिन्न किसिमको रङ्गीविरङ्गी र भएन भएमा, स्तरीय, गुणस्तरीय, टिकाउ, आकर्षित हुने गर्दछ । त्यसैले यो प्रश्नपत्रको कागजको एकदम कमजोर किसिमको रहेको देखिन्छ ।

**अङ्क निर्देशन स्तर**

प्रश्नपत्रको शीर्षक भागमा राखिएको हुन्छ । पूर्णाङ्क उत्तिर्णाङ्क आदी अङ्क आदी अङ्क राखिएको निर्देशन दिइएको हुन्छ । यस प्रश्नपत्रमा प्रत्येक प्रश्नको आधारमा छुट्टा छुट्टा छुट्टै अङ्क राखिएको छ साथै सम्पूर्ण प्रश्नको आधारमा पूर्णाङ्क राखिएकोले अङ्क निर्देशन उपयुक्त नै रहेको छ ।

**प्रस्तुति र अनुक्रम**

प्रस्तुति र अनुक्रम भन्नाले प्रश्नहरू रखाइ भन्ने बुझिन्छ प्रश्नहरू राख्दा ज्ञान, बोध, सिप आदिलाई मध्यनजर गरी सरल देखि जटिल क्रममा मिलाएर राख्नुपर्दछ । यस प्रश्नपत्रमा व्याकरण पक्षको शब्दार्थ वर्ण विन्यास काल, भाव, पक्षको आदिलाई क्रमैसँग राखि पाठ्यवस्तुमा आधारित छोटो प्रश्नोत्तरहरू क्रमसँगै राखिको छ । यसरी हेर्दा थोरै अङ्क आउने प्रश्न शुरूमा र त्यसपछि अङ्क बढाउदै कठिन शब्दहरू क्रमैसँग राखिएको देखिन्छ । यसरी कक्षा ६ को प्रश्नपत्र हेर्दा विश्लेषण गर्दा पाठ्यवस्तु वा पाठ्यपुस्तकमा आधारित प्रश्नहरू मात्र राखिएको छ। यसो गर्दा पढेका कुराहरू मात्र मूल्याङ्कन हुन्छ । त्यसैले विद्यार्थीको आन्तरिक क्षमता, ज्ञान, सिप, क्षमता आदि परीक्षणको लागि पाठ्यपुस्तक बाहिरको प्रश्न राख्दा अझ राम्रो हुन सक्छ । जस्तैः (१) आफुलाई मन पर्ने कथा, कविता, जीवनी आदि लेख्नुहोस् ।

यस्तो प्रश्न राख्दा विद्यार्थीको कुन क्षेत्रमा रूची छ सो कुराको जानकारी हुने गर्दछ । तर यहाँ तोकिएर निबन्ध लेख्ने प्रश्न राखिएको हुँदा अरू क्षेत्रमा रूचि भएका विद्यार्थीहरूको आन्तरिक क्षमता मूल्याङ्कन गर्न सकिदैन । त्यसैले पाठ्यपुस्तक भन्दा बाहिर विद्यार्थीको इच्छाएको प्रश्नको उत्तर आउँदा वैयक्तिक भिन्नताको मूल्याङ्कन हुनुका साथै शिकारूको चौतर्फि विकासको सहयोग पुऱ्याउन सक्ने किसिमको शिक्षण गर्न प्रश्नपत्रको प्रस्तुति अति अति नै आवश्यक देखिन्छ ।

अतः कक्षागत पाठ्यपुस्तकको आधारमा प्रश्नको रखाइक्रम मिलेको देखिन्छ ।

**भाषा**

नेपाली विषय पढ्नुको अर्थ भाषा सिक्नु हो । भाषा बोलीसँग सम्बन्धित हुन्छ । त्यसैले उच्चारण वर्णविन्यास आदि थुप्रै व्याकरणीय पक्षहरू रहेको हुन्छ कुनै एक शब्द वा वर्णविन्यासको त्रुटिले भिन्न भिन्न अर्थ लाग्न सक्छ । त्यसैले नेपाली भाषा शिक्षण र मूल्याङ्कन गर्दा हरेक व्याकरणिक नियम र भाषिक शुद्धतामा ध्यान पुऱ्याउनु पर्दछ ।

यस शोधपत्रको अध्ययन विश्लेणको क्रममा प्रश्नपत्रमा बर्णविन्यास, ह्रस्वदीर्घा सम्बन्ध धेरै त्रुटिहरू देखियो । जस्तै :

| **त्रुटि** | **हुनुपर्ने** |
|---|---|
| मदेश | मधेश |
| अहिल्यै | अहिले |
| संखभोग | सुखभोग |

यसरी उल्लिखित ह्स्व, दीर्घ सम्बन्धी त्रुटि आदि देखिएको छ । जसले उच्चारण गर्दा पनि भिन्न अर्थ लाग्ने हुन्छ । नेपाली भाषा शिक्षणको मुख्य आधार नैं ह्स्वदीर्घ, उच्चारण सम्बन्धी नियमहरू हो । यदी यस्तो पक्षमै त्रुटि देखिए यो प्रश्नपत्र नै गल्ती हुन जान्छ । यसको प्रमुख कारण शिक्षकको लापर्वाही, तालिम प्राप्त शिक्षकको अभाव, विषय विज्ञ नभई अन्य विषय शिक्षकले प्रश्न निर्माण गर्नु जस्ता कारणले यस्ता त्रुटि हुने गर्दछ ।

यसरी यस भाषा प्रश्नपत्रमा माथि उल्लेखित त्रुटिहरू देखियो । त्यसैले प्रश्नपत्र भाषिक शुद्धतामा पनि कमजोर रहेको पाइयो ।

**आन्तरिक आधार**

प्रश्नपत्रको आन्तरिक वैद्यताले नै प्रश्नपत्रको वास्तविक स्वरूपलाई निर्धारण गर्दछ। प्रश्नपत्रको आन्तरिक पक्षमा पुस्तकका पाठ्यक्रम अनुरूपता, भाषिक सीय, पाठ्यपुस्तकका आधारमा विश्लेषण रहेको पाइन्छ । यी पक्षहरू विश्लेषण गर्दा निम्न निष्कर्ष पाइयो : -

**पाठ्यक्रम अनुरूपता**

पाठ्यक्रमको आधारमा हेर्दा पाठ्यक्रममा आधारित पाठ्यवस्तुको उद्देश्यको आधारमा नै प्रश्नहरू राखिएको छ । पाठ्यक्रममा आधारित भई विद्यार्थीको बौद्धिक क्षमता तह, ज्ञान, बोध, शिप आदि सम्पूर्ण पक्षलाई समेटिएर मूल्याङ्कन गर्नको लागि सोही अनुसार नै प्रश्नहरू निर्माण गरिएको छ। त्यसैले प्रश्नहरू पाठ्यक्रम अनुरूप नै रहेको छ :

**भाषिक सीप**

**सुनाइ र बोलाई**

भाषाको प्रमुख चार सिपमध्ये सुनाई र बोलाई पहिलो दोस्रो अति नै महत्वपूर्ण सिप हो यो उच्चारण व्यवहार र सम्बन्धित प्रयोग पक्षसँग सम्बन्धित हुन्छ । उच्चारणको मूल्याङ्कनको लागि प्रयोगात्मक प्रशिक्षण अनिवार्य मानिन्छ । यस शोधको कार्यको प्रश्नपत्रमा यी सिपहरूसँग सम्बन्धित कुनै प्रश्नहरू छैनन । यस सिप परीक्षणको लागि छुट्टै विशिष्टीकरण तालिका र प्रश्न संख्या निर्धारण गरे पनि प्रयोगात्मक रूपमा कार्यन्वयन नभएको पाइन्छ । जसले गर्दा नेपाली भाषा शिक्षण मूल्याङ्कनको महत्वपूर्ण आधारको परीक्षण प्रक्रियामा नै कमजोरी देखियो ।

**पढाइ लेखाई र सिप भाषाका सीप**

भाषाका चार सिपमध्ये पढाई र लेखाई तेस्रो र चौथो सीप हो । यो सैद्धान्तिक नियममा आधारित हुन्छ । यी सिपहरू पाठ्यक्रम पाठ्यपुस्तक र व्याकरणिक नियममा आधारित भई औपचारिक ज्ञानमा बढी जोड दिन्छ । हाल वर्तमान अवस्थामा परीक्षण गर्ने कार्य यी पढाइ र लेखइमा आधारित रहेका छन् । यो प्रश्नपत्र विश्लेषण गर्दा सम्पूर्ण प्रश्नहरू पाठ्यक्रम पाठ्यपुस्तकमा नै रहेको देखिन्छ । विद्यार्थीको पढाइ, क्षमता, बौद्धिकता आदिको परीक्षण मूल्याङ्कन लेखाई सिपबाटै हुने भएकोले पढाइ र लेखाइ दुवै सिपको विकास हुने देखिन्छ । त्यसैले प्रश्नपत्रको पढाइ र लेखाइ दुवै सिपको लागी राम्रो नै रहेको पाइयो ।

**विशिष्टीकरण तालिका आधारमा**

प्रश्नपत्र निर्माणको प्रमुख आधार वा मार्ग निर्देशन विशिष्टीकरण तालिका हो । यस शोधपत्रमा अध्ययन विश्लेषण गरिएको प्रश्नपत्र विशिष्टिकरण तालिकामा हो । यस शोधपत्रमा

अध्ययन विश्लेषण गरिएको प्रश्नपत्र विशिष्टीकरण तालिकामा हुने सम्पूर्ण गुणहरू आधारित रहेको छ ।

पाठ्यपुस्तकका आधारमा ज्ञान, बोध क्षेत्रका प्रश्नहरू, प्रश्नसङ्ख्या, अङ्कभार, समय निर्धारण आदि सम्पूर्ण कुरा प्रश्न निमार्ण प्रक्रिया सैद्धान्तिक रूपमा हेर्दा उपयुक्त नै रहेको देखिन्छ । साथै प्रश्न अनुसारको छुट्टाछुट्टै अङ्क आदि सम्पूर्ण कुरा मिलेको देखिन्छ । साथै व्यवहारिक सिप मूल्याङ्कनको लागि छुट्टै विशिष्टीकरण तालिका निर्माण गरिनुका साथै भाषाको सुनाइ र बोलाइ दुवै सिप परीक्षणको लागि प्रदश्नसङ्ख्याहरू पनि निर्धारण गरिएको देखिन्छ । तर मूल्याङ्कन प्रक्रियाको कार्यान्वयन भने गरिएको देखिदैन ।

अतः शोधमा आधारित सम्पूर्ण प्रश्नहरू,अङ्क समय आदि सम्पूर्ण पक्ष विशिष्टीकरण तालिकामा नै आधारित भएकोले सन्तुलन राम्रै देखिन्छ ।

यसरी माथि उल्लेखित विश्लेषण गरिएको अङ्कमार आन्तरिक र बाह्य आधार र विशिष्टीकरणको आधारमा निकालिएको, निष्कर्ष निम्न बुँदामा स्पष्ट पार्न सकिन्छ :-

१. पाठ्यपुस्तकको सम्पूर्ण विधालाई प्रश्नपत्रमा समेटिन नसक्नु,

२. शीर्षभागमा जिल्ला, साल, कक्षा, समय, विषय, पूर्णाङ्क राम्रै उल्लेख भएको तर मिति, उत्तीर्णाङ्क उल्लेख नगरिएकोले प्रश्नपत्रको शीर्ष भाग पुरा नदेखिनु

३. एउटै प्रश्न दुईओटा पेजमा हुनु,

४. भाषिक सिपको प्रश्नपत्र हुँदा पनि वर्णविन्यासमा कमजोरी देखिनु,

५. पृष्ठ निर्देशनमा क्रमश मात्रा दिनु जसले गर्दा कुन पेजपछि कुन प्रश्न भन्ने विद्यार्थीहरू अलमलमा पर्नु,

६. अङ्क विभाजनमा पूर्णाङ्क अनुसार सम्पूर्ण प्रश्नको अङ्कभार वितरण सन्तुलन नै रहेको पाइनु,

७. मध्य स्तरीय कागजको प्रयोग गरिएको जस्ले गर्दा पल्टाउँदै गर्दा च्यातिने सम्भावना हुनु, अक्षर कालो मसिको प्रयोग गरिएकोले उत्कृष्ट नै रहनु,

८.विशिष्टिकरण तालिकालाई नै मुख्य आधार बनाई प्रश्न निमाण गर्नु तर प्रश्नपत्रमा रहेको अङ्कभार र विशिष्टीकरण तालिकामा रहेको अङ्कभार बिच तालमेल नमिल्नु

९. भाषाको पढाइ र लेखाइ सिपलाई मात्र मध्यनजर गरी प्रश्न निर्माण गर्नु, सुनाइ र बोलाइ सिपलाई बेवास्ता गर्नु,

१०. नेपाली भाषाको प्रयोगात्मक परीक्षाको लागि विशिष्टीकरण तालिकाको निर्माण भएपनि प्रयोगात्मक रूपमा यसको कार्यान्वयन गर्न नसकिनु,

यसरी कक्षा ६ को बार्षिक परीक्षामा भएको प्रश्नपत्रको विश्लेषण गरी निष्कर्ष निकाल्दा माथि उल्लेखित कमीकमजोरी रहेको देखिन्छ । यस निष्कर्षले पछि आउने समयमा प्रश्नपत्र निर्माण प्रक्रियामा सुधार गरी आधुनिक र उत्कृष्ट, गुणस्तरीय, स्तरीय, प्रभावकारी, आकर्षित र विश्वासनिय वैद्यतायुक्त प्रश्नपत्र निर्माण गर्न  सहयोग पुऱ्याउँछ ।

**सुझाव**

कुनै विषयबस्तुको बारेमा अध्ययन विश्लेषण गरिसके पश्चात प्राप्त भएको नतिजाको आधारमा दिइने ज्ञानकारी नै सुझाव हो । सुझावले ती अध्ययनको कमीकमजोरी पत्ता लगानुको साथै थप पृष्ठपोषण प्रदान गर्न सहयोग गर्दछ । समयको परिवर्तनका साथै व्यक्तिको आवश्यकताको आधारमा ज्ञान, सीपहरू पनि प्रदान गर्नुपर्दछ' त्यसैले परम्परालाई अध्ययन गरी वर्तमान बारे जानकारी प्राप्त गरेर भविष्यमा हुन सक्ने सम्भावनालाई समेत मध्यनजर गरी परिवर्तित ज्ञानलाई व्यक्तिहरू सामु उपलब्ध गराइ समय र आवश्यकताको आधारमा समयको माग अनुसारका शिक्षण तथा मूल्याङ्कन गर्न अध्ययन विश्लेषणबाट आएको सुझावले महत्वपूर्ण सहयोग गर्दछ । यसले पाठ्यक्रम निर्माण देखि लिएर पाठ्यपुस्तक, विशिष्टीकरण तालिका, प्रश्न निर्माण प्रक्रिया, मूल्याङ्कन आदि सम्पूर्ण क्षेत्रमा सहयोग गर्दछ ।

हाल नेपालमा परम्परागत प्रक्रियाद्वारा प्रश्नपत्र निर्माण गरिएको पाइन्छ । जस्तै, पहिलो बर्षको प्रश्नहरूको नमूना कै आधारमा दोश्रो बर्षमा पनि त्यस्तै उत्तर आउने खालको सोहीपाठबाट  त्यस अनुसार प्रश्न निर्माण गर्दछ । रचनात्मक तथा सृजनात्मक ज्ञानको परीक्षण गर्नु भन्दा पनि पाठ्यपुस्तकको आदि निर्माण गर्दछ जसले गर्दा धोकेर लेख्ने प्रक्रिया बढीरहेको देखिन्छ । यस्तो अवस्थामा विद्यार्थीको वैयक्तिक क्षमता मूल्याङ्कन गर्न सकिदैन ।

यसरी यस शोधपत्रले अध्ययन गरिएको प्रश्नपत्र अध्ययन विश्लेषण गर्दा कमीकमजोरी पनि देखा परेको छ । ती कमीकमजोरीलाई सुधार गरी वर्तमान र भविष्यलाई मध्यनजर गरी निम्नानुसार सुझाव दिन सकिन्छ :

१) प्रश्नपत्रमा मिति तोक्दा विद्यार्थीहरूलाइ उत्तर पुस्तिकामा पनि मिति लेख्ने बानिको विकास हुने भएकाले मिति अनिवार्य रूपमा तोक्नुपर्ने ।

२) प्रश्नपत्रको शीर्षक, उपशीर्षकहरू बोल्ड अक्षरसा हुनुपर्ने ।

३) यस प्रनपत्रका कागजस्तर मध्यम खालको रहेको छ त्यसैले प्रश्नपत्रको कागज बाक्लो रङ्गीन, स्तरीय गुणस्तरीय हुनुपर्ने,

४) प्रश्नपत्रको पृष्ठमा क्रमशः लेखेर १,२,३ अथवा क,ख,ग,घ भनि सङ्केतको रूपमा अक्षर राखिनु पर्ने जसले गर्दा विद्यार्थीहरूलाई अलमलमा पर्ने समस्या नहुनु ।

५. प्रस्नपत्र भाषाविद तालिम प्राप्त, दक्ष, अनुभव हुनुपर्ने, जसले भाषाको स्तरीयतालाई ध्यान दिएर विद्यार्थीको चौतर्फी विकासको मूल्याङ्कन गर्न सकिने किसिमको प्रश्नहरू निर्वाण गर्नुपर्ने।

६. नेपाली भाषाको प्रश्नपत्र हुने भएकाले भाषिक शुद्धता अनिवार्य हुनुपर्दछ तर यस प्रश्नमा वर्ण विन्यासमा त्रुटि देखिएको पाइन्छ । आगामि दिनमा सुधार गर्नुपर्ने

७. समयको परिवर्तनसँगै प्रश्न निमार्ण प्रक्रिया र परमारागत प्रश्नहरू नभइ वर्तमान सुहाउँदो, आधुनिक युगका आधारमा प्रश्ननिर्माण गर्ने

८. विद्यार्थीहरूको आन्तरिक क्षमताको परीक्षण गर्नको लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकमा मात्र केन्द्रित नभई प्रश्न निर्माण गर्दा बाँहिरी सृजनात्मक ज्ञानको परीक्षणको लागि पनि प्रश्नहरू निर्माण गर्नुपर्ने जस्तैः साहित्यिक विद्याबाट निबन्ध मात्र नभई इच्छाएका कविता, कथा, गजल आदि।

९. सुनाइ बोलाइ सिप विकासको लागि प्रयोगात्मक प्रश्न निर्माण गरी कार्यान्वयन गर्ने ।

१०. विशिष्टीकरण तालिकाको उचित प्रयोग गरी प्रश्न निर्माण गर्ने सुनाई र बोलाईको छुट्टै विशिष्टीकरण तालिका भएपनि पढाइ र लेखाइलाई मात्र भाषाको मूल्याङ्कनको प्रमुख आधार मानिएकोले सुनाइ र बोलाइको सिप विकासका लागि पनि प्रश्नहरू निर्माण गर्ने ।

११. प्रश्नपत्रमा बस्तुगत मध्ये बहुवैकल्पिक प्रश्न राख्दा ज्ञानको गहिराइ मूल्याङ्कन हुने भएकाले बहुवैकल्पिक प्रश्न राख्नु जरूरी देखिनु,

१२. प्रश्नपत्रको प्रत्येक प्रश्नमा अङ्क विभाजन गरिएको छ त्यसरी नै प्रत्येक प्रश्नमा समय विभाजन गरिदिए । उपयुक्त समयमा नै सम्पूर्ण प्रश्नहरू सजिलै लेखेर सकिन्थ्यो । त्यसैले आगामी  प्रश्नपत्रमा समय निर्धारण प्रश्न पत्र हुन जरूरी देखिनु ।

१३. प्रश्नपत्र स्तरीय; गुणस्तरीय, विश्वसनीय, वैद्यता र परीक्षणयुक्त हुनुपर्ने ।

१४. पाठ्यक्रम र पाठ्यपुस्तकको सवै बिधाबाट प्रश्नहरू समेटीने गरी प्रश्नपत्र निर्माण गर्ने।

**उपयोगिता**

यो अध्ययनका उपयोगिताहरू नीतिगत तह र कार्यान्वयन तहमा हुनेछन् ।

**नीतिगत तह**

यो अध्ययनका नीतिगत तहका उपयोगितालाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छः-

१. भाषिक सिपहरूको निर्धारण गर्न,

२. भाषा पाठ्यक्रमका लागि उचित विषयबस्तु छनोट गर्न,

३. प्रश्नपत्रको अङ्कभार र समय निर्धारण सन्तुलन राख्न,

४. भाषिक सिप मूल्याङ्कनका लागि भाषाका चार ओटै सिपको सन्तुलन कायम गरी प्रश्नपत्र निर्माण गर्न ।

**कार्यान्वय तह**

१. प्रश्नपत्रमा मिति तोक्नु, उतिर्णाङ्क तोक्नु जसले गर्दा विद्यार्थीहरूमा उत्तरपुस्तिमा मिति लेख्ने बानीको विकास हुनुका साथै विद्यार्थीमा उत्तिर्णाङ्क थाहा हुदा उत्साह हुनु ।

२.प्रश्नपत्रको पृष्ठमा क्रमशः लेखेर १,२,३ अथवा क, ख, घ. भनि सङ्केतको रूपमा अक्षर राख्नु,

३. एकीकृत भाषिक सीप, शिक्षण गर्ने मूल्याङ्कनात्मक सुझबुझ प्रदान गर्न ।

४. प्रश्नपत्र निमार्णका माध्यबाट विद्यार्थीहरूको सुनाइ र बोलाइ सीप क्षमताको उचित परीक्षण हुनु,

५. प्रश्न निर्माणका सैद्धान्तिक र प्रयोगात्मक आधारका लागि उपयोगी हुनु,

६. प्रश्नपत्रको अन्तिम रूप तयारी हुनुभन्दा पहिले पूर्व परीक्षणका लागि थप प्रतिनिधि प्रश्नपत्रद्वारा लक्षित समुहले परीक्षण गरी प्रश्नको स्तरीयता कायम गर्न उपयोगी हुनु,

**आगामी अनुसन्धानको लागि शीर्षक**

१ भाषा सिप परीक्षण : एक अध्ययन

२. कक्षा ५ को वार्षिक परीक्षामा उपयोग गरिएको प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन

३.प्रश्नहरूको तथ्याङ्कशास्त्रीय आधारमा अध्ययन

४. प्रा.वि.तहमा उपयोग गरिएका प्रश्नहरूमा व्यवहारिक सिप परीक्षणको अध्ययन,

५. भाषिक सिप मूल्याङ्कनमा भाषिक सिप समग्रताको प्रा.वि.तहको नेपाली विषयको विशिष्टीकरण तालिकाको अध्ययन

# सन्दर्भ सूची


गुप्ता, सुमित्रा (२०७४) *कक्षा ८ (आठ) को स्तरीय परीक्षामा नेपाली विषयको २०७२ सालमा उपयोग गरिएको प्रश्नपत्रको अध्ययन,* मोरङ सुकुना बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग ।

प्रसाई, युवराज (२०७३), *प्रवेशिका परीक्षा २०७० सलका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन* (स्नात्तकोर शोधपत्र), जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

चुडाल, नेत्रप्रसाद (२०७२); *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नपत्रका विश्लेषण, व्याख्या :* मोरङ सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग।

शाह, सुगन्धीकुमारी (२०६९), *कक्षा ११ को अनिवार्य तथा ऐच्छिक नेपाली विषयको २०६८ सालमा उपयोग गरिएको प्रश्नपत्रको अध्ययन,* इटहरी, जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग ।

राई, हुकुमसिंह (२०६८), *अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा ११ का २०६६ सालमा सोधिएका प्रश्नहरूको अध्ययन* (स्नातकोत्तर शोधपत्र), इटहरी : जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग ।

शर्मा, केदार प्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* भोटाहिटी, काठमाण्डौं, विद्यार्थी पुस्तक भन्डार ।

रेग्मी, अम्बिकाप्रसाद (२०५४) *कक्षा ५ को नेपाली भाषा विषयक प्रश्नहरू (२०५३) को विश्लेषण,* महेन्द्र रत्न क्यामास, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जबरा, स्वयम् प्रकास (२०७०), *शिक्षामा मापन तथा मूल्याङ्क,* भोटाहीही काठमाडौं, विद्यार्थी पुस्तक भण्डार।

पौडेल, माधवप्रसाद (२०५१) *जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा विषयका प्रश्नपत्रहरूको विश्लेषण,* किर्तिपुरः त्रि.वि. शिक्षाशास्त्र सङ्काय।

ढकाल, नरेन्द्र विक्रम (२०५७/२०५६) सालमा उपयोग गरिएका कक्षा १० को नेपाली भाषाको योग्यता जाँच परीक्षाको प्रश्नपत्रहरूको विश्लेषण, किर्तिपुरःशिक्षाशास्त्र सङ्काय केन्द्रीय नेपाली भाषा शिक्षा विभाग ।

अधिकारी, विष्णु प्रसाद (२०७२), *निम्नमाध्यमिक शिक्षक दिग्दर्शन भाग-२ नेपाली,* काठमाडौंः आशिस बुक हाउस प्राउस प्रा.ली. बागवजार ।

प्रस्तुत शोधपत्रको अध्ययन प्रश्नपत्रमा आधारित हुने भएकाले विशिष्टिकरण तालिकाको अध्ययन विश्लेषण गर्नु अति आवश्यक देखिन्छ । यस शोधमा कक्षा ६ को बार्षिक परीक्षामा प्रयोग गरिएको प्रश्नपत्रलाई आधार मानिएको हुनाले कक्षा ६ को विशिष्टीकरण तालिकालाई निम्नानुसार देखाउन सकिन्छ ।

**विशिष्टीकरण तालिका**

विषय : नेपाली

पूर्णाङ्क ५०                                        समय : २ घण्टा

| **क.सं** | **क्षेत्र पढाइ लेखाई** | **परीक्षाको पक्ष** | **ज्ञान** | **बोध** | **प्रयोग** | **उच्च दक्षता** | **प्रश्न सङ्ख्या र अङ्भार** | | | **स्पष्टिकरण** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न संख्या | अङ्क भार | |
| १ | शब्दभण्डार | शब्दार्थ | १ | | | | १ | १ | २ | पाठमा प्रयोग भएका कुनै चारओटा शब्द मौलिक ३, आगन्तुक १ दिई तिनको अर्थसंग मिल्दो शब्द दिएर खाली ठाँउ भर्न लगाउने |
| | | शब्दपहिचान | १ | | | | १ | १ | २ | पर्यायवाची १, विपरितार्थी १, अनेकार्थी, श्रुतिसमभिन्नार्थी १, समावेशक/लघुवाची शब्द सिङ्गो शब्द १ पर्ने गरी सङ्केत बमोजिम खाली ठाउँ भर्न लगाउने |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | २ | एखान वा टुक्काबाट १, पारिभाषिक/अनुकरणात्मक र निपात मध्येबाट १ पर्ने गरी जम्मा २ दिई |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | अर्थ खल्नेगरी वाक्यमा प्रयोग गर्न लगाउने । |
| २ | वर्णविन्यास | शुद्धिकरण | | | १ | | १ | १ | १ | य/ए,ब/व,श/ष/स पन्चम वर्णमध्येबाट कुनै २ ओटा बहुबैकल्पिक प्रश्न सोध्ने |
| | | | | | १ | | १ | १ | २ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी ह्रस्व १, दीर्घ १ इका र उकार लेख्न चिन्ह १, पदयोग/पदवियोग /चन्द्रविन्दु /शिरबिन्दु १ पर्ने गरी ४ ओटा अशुद्धि भएका वाक्य दिई शुद्ध अशुद्धि भएका वपाक्य दिई शुद्ध पार्न लगाउने । |
| ३ | भाषिक संरचना | शब्वपहिचान | | | १ | | १ | १ | २ | नाम,सर्वनाम, विशेषण र क्रियापद मध्ये कुनै ३ र क्रिया योगि, संयोजक, विस्मयादिवोधक र निपात मध्येबाट कुनै १ ओटा शब्द पर्ने गरी एउटा अनुच्छेद दिई रेखाङ्कित शब्दको वर्ग पहिचान गर्न लगाउने । |
| | | काल पक्ष र भाव अर्थ पहिचान | | | १ | | १ | १ | २ | काल र पक्षबाट ३ ओटा र भाव अर्थबाट १ ओटा धातु सङ्केत गरी खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ | ३ | केहि लिङ्ग, वचन, पुरूष र आदर मध्येबाट २, करण, अकरण, बाट १ गरी जम्मा ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ओटा सोधी वाक्य पुरा परिवर्तन गर्न लगाउने |
| ४ | पठनबोध, दृस्टान्स/अदृष्टांश | व्याकरणिक बोध (भाषिक संरूचना पहिचान) | १ | | | | १ | १ | ३ | गद्य विधा -दृष्टाशं पाठबाट १२५ शब्दसम्मको अनुच्छेद दिई उक्त अनुच्छेदबाट निम्न प्रकारका ३ प्रश्न सोध्ने : (क) गद्यांशबाट उपसर्ग लागेर बनेको १ ओटा र प्रत्यय लागेर बनेको १ ओटा शब्द पहिचान गर्न लगाउने । (ख) गद्यांशबाट द्वित्व शब्द १ ओटा र समास शब्द १ ओटा पहिचान गर्न लगाउने । (ग) गद्यांशमा प्रयुक्त कुनै वाक्यबाट कुनै उक कारक र विभक्ति प्रयोगको शब्दलाई रेखाङ्कन गरी ती पदको कारक र विभक्कित पहिचान गर्न लगाउने । |
| | | बोध प्रश्नोत्तर | | | | १ | १ | १ | ४ | गद्य विधाबाट बढीमा १२५ शब्द सम्मको अनुच्छेद (दृष्टाश) दिई एक वा दुई वाक्यमा उत्तर आउने खालका तथ्यपरक सन्दर्भ बोधक पूतिक्रियाबोधक प्रश्न गर ४ ओटा रोज्ने प्रश्न सोध्ने |
| ५ | बुँदा टिपोट | गद्य विधा | | | | १ | १ | १ | ४ | गद्य विधाका दृष्टांश पाठबाट १०० शब्द सम्मको गद्यांश दिई ४ ओटा बुँदा टिपोट गर्न |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | लगाउने । |
| ६ | निर्देशित रचना | कथा/जीवनी, चिठी/संवाद/वादविवाद/निवेदन | | | | १ | १ | १ | ३ | बुंदाको आधारमा जीवनी/कथामध्ये बाट एक र चिठी/निवेदन/संवाद/वादविवाद मध्येबाट एक गरी दुइवटा प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने । |
| ७ | भावविस्तार | लयबद्ध (कविता),आख्यानात्मक (कथा) प्रवन्धनात्मक निवन्धात्मक जीवनीपरक पाठका विशिष्ट पङ्क्ति | | | | १ | १ | १ | ३ | कवित र कथा पाठ मध्येबाट एक प्रवन्ध/निबन्ध/जीवनी/एकाङ्की पाठ मध्येबाट एक पर्ने गरी कुनै दुई विशिष्ट पंक्ति दिई कुनै एकको भावविस्तार गर्न लगाउने । |
| ८ | पाठगत बोध | सन्दर्भमा आधारित अतिसंक्षिप्त उत्तरात्मक (पठनगत पठन बोध अति छोटो) | | | | १ | १ | १ | ४ | निम्न बमोजिम दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर दिन लगाउने ।<br>क) पाठ्यपुस्तकका आख्यात्मक (कथा) पाठबाट उदृत गरी त्यसका आरधामा विषयवस्तु लेख्ने, घटना, वर्णन, मूल भाव वा सन्देश, चरित्र चित्रण सम्वन्धी वा लयवद्ध (कविता) पाठबाट कुनै अंश उद्धृत गरी त्यसका आधारमा विषयवस्तु उल्लेख , वर्णन, मूल भाव वा सन्देश सम्वन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अति संक्षिँप्त उत्तरात्मक चार प्रश्न सोध्ने ।<br>ख) पाठ्यपुस्तकका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | जीवनी, निबन्ध/प्रवन्ध रुपक मध्ये कुनै विधाबाट गद्याँश उद्धृत गरी त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन गर्ने, मूलभाव वा सन्देश उल्लेखन गर्ने, चरित्र चित्रण सम्वन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अति संक्षिप्त उत्तरात्मक चार प्रश्न सोध्ने । |
| | | तार्किक शिल्प/समस्या समाधान | | | | | | | | पाठ्यपुस्तक भित्रका पाठका कुनै सन्दर्भ दिई आफ्ना विचारले पुष्टि गर्ने, तर्क दिने वा कुनै समस्या देखाई समस्या समाधान गर्ने खालका प्रश्न सोध्ने । |
| | | सन्दर्भमा आधारित लामो उत्तरात्मक प्रश्न | | | | | | | | पाठ्यपुस्तकभित्र समावेश गरिएका (कविता/कथा /जीवनी /निवन्ध-प्रवन्ध/ एकाङ्की) पाठ मध्ये कुनै दुई विधाबाट पाठगत अंश वा सुचना दिई त्यसका आधारमा विश्लेषणात्मक तथा सिर्जनात्मक क्षमता परिक्षण गर्ने किसिमका कुनै दुई प्रश्न सोधी एकको उत्तर दिन लगाउने । |
| ९ | आत्मपरक र बस्तुपरक | | | | | १ | २ | १ | ५ | आत्मपरकबाट १ र बस्तुपरकबाट २ ओटा पर्ने गरी कुनै तीन शीर्षक दिने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | र तीमध्ये कुनै शीर्षकमा १२५ शब्दमा नबढाई निवन्ध लेख्न लगाउने । |

परिशीष्टहरु

# चौदण्डीगढी नगरपालिका संयुक्त परीक्षा समिति, उदयपुर

वार्षिक परीक्षा - २०७९

कक्षा : ६

विषय : नेपाली

पूर्णाङ्क : ५०

समय : २:०० घण्टा

१. दिइएका अर्थसँग मिल्ने शब्द राखी खाली ठाउँमा भर्नुहोस् : २

(परिवेश, त्रिवेणी, ड्राइभर, अनिकाल)

क) खान नपाउने स्थिति ...............

ख) वरिपरिको वातावरण ...............

ग) गाडी चालक ...............

घ) तीन नदीको संगम ...............

२. खाली ठाउँमा मिल्दो शब्द राखी भर्नुहोस् : २

क) 'विदेश' को विपरितार्थी शब्द ............... हो । (स्वदेश, मदेश, प्रदेश)

ख) 'संसार' को पर्यायवाची शब्द ............... हो । (भगत, अर्थ, जगत)

ग) 'तेल' को लघुतावाची शब्द ............... हो । (धारो, तुर्को, छिटा)

घ) ............... श्रुतिसमभिन्नार्थक शब्द हो । (शित-सित, शित-प्रित, शित-गीत)

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस : २

हात्तिको मुखमा जिरा, लौ

४. शुद्ध शब्द छानेर लेख्नुहोस् : १

अ) सारीरिक शारीरिक षारीरिक शारिरिक

आ) वकिल बकिल वकील बोकिल

५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २

मेरो वावाको लागी मैले औषधि किनेर भाईलाई पाठइदिए

६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् : २

साथीहरू विद्यालय जाँदै थिए । उनीहरूले बाटोमा सुन्दर मूर्ति देखे अनि अरुलाई भने, 'आहा! क्या राम्रो मूर्ति रहेछ ।'

७. दिइएको धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : २

क) रमेश हिजो मन्दिर ............... । (जा: अपूर्ण भूत)

ख) वहिनी कविता ............... । (लेख्: सामान्य भविष्यत्)

ग) विमलले बल ............... । (खेल्: पूर्ण वर्तमान)

घ) आज पानी ................... । (पर्: सम्भावनार्थ)

८. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३

क) तिमी राम्रो काम गर्छौ । (प्रथम पुरुष)

ख) राधा बाँसुरी बजाउँछिन् । (पुलिङ्ग)

क्रमशः..

ग) भोलि जानुपर्छ । (अकरण)

९. **तलको अनुच्छेद पढि निम्न प्रश्नहरूको उत्तर लेख्नुहोस् :** ३

आजका साना साना बालबालिकाले भोलि देश हाँक्नुपर्छ । त्यसैकारण बालबालिकालाई भविष्यका कर्णधार भन्ने गरिएको छ । बालबालिकाले व्यक्तिगत मात्र होइन सामाजिक क्षेत्रका काममा पनि चासो राख्नुपर्छ । नियमित रूपमा विद्यालय गएर लेखपढ गर्नुपर्छ । अमूल्य समय खेर फाल्नु हुँदैन । प्रगतिका लागि अनुशासन अपरिहार्य हुन्छ । सफल व्यक्ति बन्नका लागि समय तालिका बनाउनुपर्छ । आफूभित्रको प्रतिभा चिन्न सक्नुपर्छ । निरन्तर प्रयासले मात्र मानिस आ-आफ्ना लक्ष्यमा पुग्न सक्छन् । हामीले अहिल्यैदेखि भविष्यका बारेमा सोच्नुपर्छ

प्रश्नहरू

(क) अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक एकओटा शब्द लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट एक एकओटा द्वित्व र समास भएर बनेका शब्द पहिचान गरी लेख्नुहोस् ।

१०. **तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :** ४

मौसमी रुघाखोकी र ज्वरोले विभिन्न उमेर समूहका व्यक्तिहरू बिरामी पर्छन् । यो रोगको प्रकोप नेपालका विभिन्न भूभागमा समय समयमा देखापर्छ । बर्षायामको सुरु तथा अन्त्यमा, जाडो सम्मको सुरु तथा अन्त्यमा साधारण रुघाखोकी ज्वरो तथा इन्फ्लुएन्जको बिरामी बढी देखापर्छन् । यसबाट बच्न हामीले चिसो पानी नखाने, समय समयमा साबुन पानीले हात धुने, झोलियो पदार्थ खाने, सरुवा तथा शङ्कास्पद रोगीबाट टाढा बस्ने, नाक मुख हरहमेसा छोप्ने गर्नुपर्छ ।

प्रश्नहरू :

क) मौसमी रुघाखोकी कुन उमेर समूहका मानिसलाई लाग्छ ?

ख) मौसमी रुघाखोकी कुन कुन समयमा देखापर्छ ?

ग) मौसमी रुघाखोकीबाट बच्ने उपायहरू के के हो ?

घ) जाडो र गर्मीयामको सुरु र अन्त्यमा कुन कुन रोगका मानिस देखा पर्छन् ?

११. **दिइएको अनुच्छेद पढी चारवटा बुँदा टिपोट गर्नुहोस् :** ४

विद्यालयको समय अवधि भनेको असल बानीको विकास गर्ने समय हो । यस समयमा जे जस्तो समयको विकास गर्यो उही बानी जीवनभरि रहने गर्दछ । त्यसैले यस समयमा खानपान र उठबसमा विशेष ख्याल गर्नुपर्छ । आफ्नो शरीर र व्यक्तित्वलाई फाइदा नपुग्ने कुराबाट टाढा रहनु पर्छ । यसो गर्न सके जीवनको सखभोग गर्न सकिन्छ । जीवनमा परिश्रमी बन्नु पर्छ । परिश्रम गर्ने बानी पनि यही समयदेखि बसाउँदै लानुपर्छ ।

क्रमशः..

सुत्ने उठ्ने तथा उचित आहारविहार गर्ने बानीको विकास गर्नुपर्छ। पढाइमा मिहिनेत गर्ने अरुप्रति सहयोगी भावना राख्ने जस्ता बानीको विकास गर्नुपर्छ।

१२. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ३

(क) बुँदागत आधारमा जीवनी तयार गर्नुहोस् :

नाम : सङ्गीतकार अम्बर गुरुङ

जन्म : वि.सं. १९९४ फाल्गुन १४ गते

जन्मस्थान : दार्जेलिङ, भारत

पिता : उजिरसिंह गुरुङ

माता : रेणुका गुरुङ

शिक्षा : प्रारम्भिक शिक्षा, संगीतमा उच्च शिक्षा हाँसिल

योगदान :

- साहित्य प्रतिष्ठानको स्थापना
- वि.सं. २०१६ मा 'म अम्बर हुँ' र 'सम्हालेर राख' गीतबाट साङ्गीतिक यात्रा सुरु।
- प्रवासी नेपालीको निम्ती संगीत प्रस्तुत

सम्मान/पुरस्कार :

- वि.सं. २०२५ सालमा राजा महेन्द्रबाट भेट दिनु
- नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा सम्मान
- प्रवल गोरखा दक्षिणवाहु चौथोद्वारा सम्मान
- छिन्नलता गीती पुरस्कार
- नागरिकद्वारा अभिन्दन

निधन : वि.सं. २०७३ जेष्ठ २५ गते

अथवा,

(ख) "सम्पत्ति भन्दा स्वास्थ्य ठूलो" भन्ने शीर्षकमा पक्षबाट आफ्ना तर्क प्रस्तुत गर्नुहोस्।

१३. **कुनै एकको भाव विस्तार गर्नुहोस् :** ३

क) हिमाल मेरो अति उच्च माथ
पहाड छाती र मधेस काख,

ख) "एकै ठाउँ भएपछि कहिलेकाँही भाँडा पनि बज्छन्।"

१४. **तल दिइएका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

क) दिइएको कवितांश पढी सोधिएका एक प्रश्नका उत्तर दिनुहोस् :

सम्झन्छु म हिमचुली आँसुको ढिका खसाली
यो विरानु मुलुकमा बस्दैन माया बसाली
नौ डाँडाको पारिमा प्रीतिको देश छ मेरो
मनमा घाम नलागे संसारै सारा अँधेरो।

प्रश्नहरु :

अ) विरानु मुलुकमा के बस्दैन ?

क्रमशः

आ) माथिको श्लोकमा कुन कुन स्थान समेटिएको छ ?

इ) किन आँसुको ढिका खस्दछन् ?

ई) कसरी संसारै अध्यारो हुन्छ ?

ख) दिइएको निबन्धको अंश पढी प्रश्नका उत्तर लेख्नुहोस् :

पोखरा उपत्यका र काठमाण्डौं उपत्यकाको उत्पत्तिमा नेपालीले धेरै ठूलो काम गरेको हुनुपर्छ । पोखरा सेती, गण्डकीको उपत्यका हुनुपर्छ र काठमाण्डौं उपत्यका यहाँका बागमती, विष्णुमती आदि नदीहरूले बनाएको उपत्यका हो । मानिसहरू भन्छन्, "काठमाण्डौं खाल्डो उहिले एउटा ताल थियो र पछि यहाँको पानी चोभारको गल्छी काटेर बगाइएको थियो । यसरी काठमाण्डौं सहर बसालिएको थियो ।

प्रश्नहरू :

अ) माथिको अनुच्छेदमा कुन कुन उपत्यकाको चर्चा गरिएको छ ?

आ) उहिले काठमाण्डौं खाल्डोमा के थियो ?

इ) काठमाण्डौं पानी कहाँबाट बगाइएको थियो ?

ई) काठमाण्डौंमा कसरी बस्ती बसालियो ?

**१५. 'मामाको घर' कथाका मूख्य पात्र को हो र तपाईंलाई यस कथामा मनपर्ने कुरा के हो ?** **३**

**१६. दिइएका कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् :** **५**

(क) 'जाग जाग' कवितांश पढी प्रश्नको उत्तर दिनुहोस् :

जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
हेरे लौ अरु सब जागे ।
देश उन्नति विषे अब लागे ॥

प्रश्न :

अ) 'जाग जाग' कविताले के सन्देश दिन खोजेको छ ?

(ख) 'पानीको कथा' कथांश पढी प्रश्नको उत्तर दिनुहोस् :

यो गीत हो नदीको । यो सधैं बगिरहन्छ आफ्नो गतिमा तल तल, आफ्नै तालले गर्दै कलकल । तर मानिसहरू भने पानीको हिसाब राख्छन् । हामीहरू लेख्छौं, जहाँ धारो, पनेरो, कुवा, नदीनाला र मूलहरू हुन्छन्, त्यहाँ बस्ती हुने गर्छ । जहाँ पानीको छेलोखेलो हुन्छ, त्यहाँ बसोवास पनि बाक्लै हुन्छ ।

प्रश्न :

अ) कस्तो ठाउँमा बाक्लो बस्ती हुन्छ ?

**१७. तल दिइएका मध्ये कुनै एक शीर्षकमा १२५ शब्दमा नघटाइ निबन्ध लेख्नुहोस् : ५**

(क) स्वास्थ्यको महत्व

(ख) मेरो देश

**समाप्त**